# टोकन

...वचन पाठनमा। समापनको सेवाको लागि, तपाईहरुलाई उभिनको निम्ति मैले यस कारणले भने...जब उहाँहरुले *द स्टार–स्प्यान्गाल्ड ब्यानर* बजाउनुहुन्छ, तपाईहरु उभिनुहुन्छ। के गर्नुहुन्न र? [मण्डलीले भन्छ, "गर्छौं।"—सम्पा।] त्यसोभए परमेश्वरको वचनको लागि किन नगर्ने? यो एउटा आदर हो। अब प्रस्थानको पुस्तकमा, १२ औ अध्याय, १२ पद बाट शुरू गर्दै, म धर्मशास्त्रको एउटा भाग, १२ औं र १३ औं पद पढ्न चाहन्छु।

> *किनकि यस राती म मिश्रको भूमिबाट भएर जानेछु, र म मिश्र देशको...पहिलो—जेठालाई प्रहार गर्नेछु, दुवै मानिस र पशु; र...म इन्साफ गर्नेछ: म* ***परमप्रभु*** *हुँ।*
>
> *तिमीहरू बसेका* घरहरूमा *त्यो रगत तिमीहरूका निम्ति चिन्ह हुनेछ। जब म त्यो रगत देख्नेछु, तब तिमीहरूलाई चाहिँ छोड़िदिनेछु, र मैले मिश्रलाई प्रहार गर्दा, नाश गर्ने कुनै विपत्तिले तिमीहरूलाई छुनेछैन।*

2 मेरो विषय हो: *टोकन।*

3 आउनुहोस् अब हाम्रा शिरहरु झुकाऔ। यस पवित्र क्षणको उहाँको स्थिरतामा, उहाँको अगाडि प्रार्थनामा जानुभन्दा अगाडि, के त्यहाँ तपाईको कुनै अनुरोध छ जुन परमेश्वरले तपाईलाई यस दिउसोमा उत्तर दिनुभएको चाहनुहुन्छ? यदि तपाई चाहनुहुन्छ भने आफ्ना हातहरु उचाल्नुहोस्, र उहाँले के गरेको चाहनुहुन्छ त्यो आफ्नो हृदयमा सोच्नुहोस्। भवनमा कहिँ पनि, बस उहाँले के गरेको चाहनुहुन्छ त्यो सोच्नुहोस्।

4 हाम्रो स्वर्गीय पिता, तपाई परिवर्तन नहुने परमेश्वर हुनुहुन्छ, र तपाईले हाम्रो प्रार्थनाको उत्तर दिनुहुन्छ भनि हामी प्रार्थना गर्दछौं, यस दिउसो, जसै—जसै हामीले हाम्रा हातहरु समातिरहेका छौ। र तपाईले ध्यान दिनुहुन्छ, कि मेरा हातहरु पनि माथि छन्। र मेरो अनुरोध, म यो सार्वजनिक रुपमा जानकारी गराउन चाहन्छु, जुन, प्रभु, कि तपाईले यहाँ भएका हरेक व्यक्तिलाई आज निको पार्नुहुनेछ, हराएका सबैलाई बचाउनुहोस्। अब, तपाईले भन्नुभयो, "यदि तिमीहरुले कुनै पनि कुरा पितालाई, मेरो

नाममा माग्छौ भने, म यो पूरा गर्नेछु।" अब, प्रभु, हामीलाई मानिसहरुको एकाईको रूपमा विश्वास गर्न, विश्वास गर्ने छोराछोरीहरुको रूपमा सहायता गर्नुहोस्। तपाईको वचनद्वारा बोल्नुहोस्, प्रभु। तपाईको वचन सत्य हो। हाम्रा हृदयहरुलाई आशिष दिनुहोस्।

5 यस सभाको लागि हामी तपाईलाई धन्यवाद दिन्छौ। हामी भाई ग्रान्ट, र उहाँको कामदार, र सबै मण्डली र मानिसहरुको लागि तपाईलाई धन्यवाद दिन्छौ। र सबैकुरा जुन तपाईले हाम्रो निम्ति गर्नुभयो, प्रभु, हामी तपाई प्रति आभारी छौ। पिता, यहाँ हामी मध्ये धेरै जना छौ होला जसले फेरी पनि अब एक अर्कालाई कहिल्यै पनि देख्नेछैनौ, जबस्मा हामी अर्को तर्फ देख्दैनौ। पृथ्वीमा हामी सँगै बस्ने यो अन्तिम सेवा हुनसक्दछ। पवित्र आत्मा आउनुभएको होस् र हामीलाई सँगै आशिष दिनुभएको होस्, हाम्रा आवश्यकताहरु पूरा गर्नुभएको होस्। येशूको नाउँमा हामी प्रार्थना गर्दछौ। आमेन।

बस्न सक्नुहुन्छ।

6 मसँग यहाँ एउटा सानो कागजको पाटी छ, मैले केहि शास्त्रका पदहरु र साना कुराहरु लेखेको छु। मैले मेरो दिमागमा यो सम्झन सक्थे, तर मैले भर्खरै पच्चीस वर्ष पार गरे, तपाईलाई थाहा छ, जुन, त्यो दोस्रो पटक हो। र त्यसैले म पहिले जस्तै गरी अहिले सम्झिन सक्दिन, र धेरैजसो मानिसहरु सभाहरु र त्यस्तै कुराहरुमा उल्झिन्छन्, र आज यस्तो धेरै छ।

7 आज दिउसो हाम्रो विषय छ: *टोकन।* हाम्रो दृश्य मिश्रमा खुल्दछ। यो अहिले यहाँ महान तस्बिर छ, म तपाईहरु सबैले यो देख्नुभएको र तपाईले सक्नु भएसम्म आदरपूर्ण रहनुभएको चाहन्छु। मिश्र दृश्यको स्थान हो, र दृश्यको समय ठिक प्रस्थानको शुरूवातमा छ।

8 र, अब, यो आजको चित्रण, देखाईएको हो, जसरी हामीले पनि अर्को प्रस्थान सामना गर्दैछौ। परमेश्वरले इस्राएललाई मिश्रबाट निकालेर, र प्रतिज्ञाको देशमा ल्याउदै हुनुहुन्थ्यो, जुन ख्रीष्टले दुलहीलाई मण्डलीबाट निकालेर, प्रतिज्ञाको देशमा ल्याउदै गर्नुभएको एउटा चित्रण हो। हामीहरु अर्को प्रस्थानमा छौ। अब यदि तपाईले धर्मशास्त्रलाई पढ्नुभयो भने, हामीले यसको उच्च बिन्दुलाई प्रहार गर्न सक्छु, त्यो सहि हो। हामीहरु...जसरी परमेश्वरले राष्ट्रबाट एउटा राष्ट्र ल्याउदै हुनुहुन्थ्यो, परमेश्वरले दुलहीलाई मण्डलीबाट निकालेर ल्याउनुहुनेछ। दुलही सबै मण्डलीहरुबाट बोलाईनेछ।

यो परमेश्वरको चुनिएकाहरु हुनेछन्, जसलाई बाहिर निकालेर ल्याईनेछ। र हामी ठिक अहिले त्यो प्रस्थानको कगारमा छौ, किनकि हामी त्यहाँ उभिरहेका छौ भन्ने कुराको हामीसँग सबै धर्मशास्त्रीय प्रमाण छ। अब, मलाई थाहा छ त्यो कुरा धेरै पटक भनिएको छ, तर, मेरो मित्र, एउटा समय यो अन्तिम पटक भनिएको हुनेछ। त्यसपछि समय अनन्तकालमा विलय हुनेछ। उहाँले दुलहीलाई एउटा मण्डलीबाट निकाल्न आउदै हुनुहुन्छ।

9 टोकन नै त्यो कुरा थियो जसले मिश्र र इस्राएल, दुई राष्ट्रहरुमा भिन्नता ल्यायो। तिनीहरु सबै मानव जाति थिए, तर सबै परमेश्वरले बनाउनुभएको, सबै परमेश्वरको हस्तकार्यहरु थिए, तर, मृत्यु दण्ड पठाईदाको भिन्नता, जीवन र मृत्यु विचको भिन्नता नै टोकन थियो।

10 र त्यसैले यो परमेश्वरको पुत्रको दिनमा हुनेछ, जब उहाँले मण्डलीबाट दुलहीलाई निकाल्नुहुनेछ। भिन्नता टोकन हुनेछ। अब, तपाई यस दिउसोमा नजिकबाट सुन्नुहोस्, र हेर्नुहोस् यो सत्य हो या होइन भनि। टोकन नै भिन्नता हुनेछ। त्यहाँ एउटा भिन्नता हुनुपर्दछ।

11 परमेश्वरले कुनै दिन, संसारको न्याय गर्न जाँदै हुनुहुन्छ। यदि मैले क्याथोलिक मानिसलाई सोधे भने, “उहाँले कसलाई न्याय गर्नुहुन्छ, उहाँले संसारलाई केद्वारा न्याय गर्नुहुन्छ?” उनीहरुले भन्नेछन्, “मण्डलीद्वारा।” कुन मण्डली? “क्याथोलिक मण्डली।” कुन क्याथोलिक मण्डली? त्यहाँ धेरै खालका छन्। मेथोडिष्टले भन्छ, “मेथोडिष्टद्वारा,” तब ब्याप्टिष्ट यसबाट बाहिर छ। तब, यदि तपाईले यसलाई ब्याप्टिष्ट मण्डलीद्वारा न्याय गर्नुहुन्छ भने, बाकि रहेका सबै बाहिर हुनेछन्। पेन्टिकोष्टलले भन्छ, “पेन्टिकोष्टद्वारा,” त्यसपछि बाकि रहेकाहरु बाहिर छन्। बुझ्नुभयो, यो अन्योलतामा हुनेछ, धेरै नै अन्योलता, दिमागमा धेरै नै अन्योलता हुनेछ, यस्तो कुरा सोच्नुमा।

12 तर परमेश्वरसँग यहाँ एउटा तरिका छ जुन उहाँले पृथ्वीलाई न्याय गर्न जानुहुनेछ भनि उहाँले भन्नुभएको छ, न त क्याथोलिक मण्डलीद्वारा, न प्रोटेस्टेन्ट मण्डलीद्वारा। तर उहाँले संसारलाई येशू ख्रीष्टद्वारा न्याय गर्न जाँदै हुनुहुन्छ, र येशू वचन हुनुहुन्छ, त्यसैले त्यहाँ यो फर्केर फेरी बाईबलमा आउछ। बुझ्नुभयो? उहाँले संसारलाई बाईबलद्वारा न्याय गर्नुभयो। र बाईबल परमेश्वरको न्यायको पुस्तक हो, जुन येशू ख्रीष्टको पूर्ण प्रकाश हो, जुन यसबाट कुनै पनि कुरा थप्न वा घटाउन सकिदैन, यसो गर्नुको

दण्ड, जीवनको पुस्तकबाट तपाईको नाम हटाईनु हो। बस ठिक पुस्तकबाट बस्नुहोस्, र हामीलाई त्यसको हिस्सा हुनको निम्ति परमेश्वरलाई प्रार्थना गर्नुहोस्।

13 अब हामीले पाउछौ, एउटा टोकन, टोकन के हो? एउटा टोकन मूल्य तिरेको चिन्ह हो, टोकन त्यो हो। हाम्रो रेलमार्ग र बसलाईनहरु जस्तै, हामीले हाम्रो पैसा लिन्छु र एउटा स्टेसनमा जान्छौ। अब, हेर्नुहोस्, बसलाईनलाई अनुमति छैन, त्यो ठाउँहरुमा जहाँ टोकन प्रयोग गरिन्छ, तिनीहरुले पैसा लिने अनुमति हुदैन। तिनीहरुले पैसा लिन पाउदैनन्, त्यसको लागि टोकन चाहिन्छ; भन्छ, हवाईजहाजहरु, अरु जे पनि छन्। तपाई एउटा निश्चित ठाउँमा जानुहुन्छ, काउन्टरमा खरिद गरेर, र किन्नुहुन्छ, तपाईको पैसाबाट, धेरै टोकनहरु, यो निश्चित टोकन। र यो टोकन नै तपाईको भुक्तान भएको छ भन्ने चिन्ह हो। तपाईसँग जहाजमा सवार हुने अधिकार छ, हवाईजहाजमा सवार हुन पाउनुहुन्छ, बसमा सवार हुन्, वा यो जे केहि पनि छ, जबसम्म तपाईले आफ्नो—तपाईको सवारीको लागि भुक्तान गरिएको छ भनि देखाउनको लागि टोकन पक्रिनुहुन्छ। अब त्यो याद गर्नुहोस्। यसलाई नबिर्सनुहोस्।

14 इस्राएलको मारिएको थूमा...परमेश्वरको आवश्यकता थियो। यहोवालाई एउटा मारिएको थूमा चाहिन्थ्यो, एउटा निर्दोष विकल्प। जसरी हामी गएका हप्ताहरुबाट भएर अहिले आएका छौ, त्यो परमेश्वर, जब उहाँले निर्णय गर्नुहुन्छ, उहाँले यो कहिल्यै पनि परिवर्तन गर्नुहुन्न। र उहाँले यो एउटा बाटो बनाउनुभयो, उहाँको पहिलो काम जुन उहाँले गर्नुभयो जब मानिस पापमा पतन भएको थियो, उहाँले त्यसलाई फर्काएर ल्याउन बाटो बनाउनुपर्थ्यो, यदि उहाँले उसलाई कहिल्यै उद्धार दिन चाहनुहुन्थ्यो, र उहाँले निर्णय गर्नुभयो कि उहाँले मानिसलाई निर्दोषको रगतबाट बचाउनुभयो। र उहाँले सधै एउटै काम गर्नुभएको छ। उहाँले यो कहिल्यै परिवर्तन गर्नुभएको छैन। परमेश्वरले कहिल्यै पनि आराधकहरुलाई कुनै ठाउँमा भेट्नुहुन्न, केवल रगतको मुनि भेट्नुहुन्छ। त्यो नै उहाँको एकमात्र ठाउँ हो।

15 हामीले उहाँलाई हाम्रो धर्मशास्त्रको शिक्षामा भेट्ने कोशिष गर्छौं, हाम्रो सम्प्रदायमा, हाम्रा शैक्षिक कार्यक्रमहरुमा। कसैले धरहरा बनाएका छन् अनि कसैले शहरहरु बनाएका छन्, बेबिलोन र—र बाबेलका धरहरा बनाएका

छन्, र सबै भिन्न खालका कुराहरु। तर यो अझै पनि रहिरन्छ, परमेश्वरले सच्चा आराधकहरुलाई मात्रै रगतको मुनि भेट गर्नुहुन्छ। उहाँले यो कहिल्यै परिवर्तन गर्नुहुदैन। हामी सबै मेथोडिष्ट बन्न सक्दैनौ, हामीसबै पेन्टिकोष्टल हुनसक्दैनौ, हामी सबै *यो, त्यो,* वा *अर्को* हुन सक्दिनौ, हामीहरु असहमत हुन्छौ। तर जब म एउटा मानिसकहाँ आउछु, उहाँ क्याथोलिक पूजारी होस् वा जे के पनि उहाँ हुनुहुन्छ, जब उहाँ रगतको मुनि हुनुहुन्छ हामीहरु दाजुभाईहरु हौं, चाहे उहाँ जहाँ सुकै हुनुहुन्छ म त्यो वास्ता गर्दिन, जबसम्म उहाँ रगतको मुनि हुनुहुन्छ।

16 अब, इस्राएलको मारिएको थूमा यहोवाको आवश्यकता थियो, र रगत नै काम पूरा गरिएको छ भन्ने टोकन थियो। परमेश्वरले मिश्रबाट, प्रतिज्ञाको देशमा जानको लागि, उद्धारको लागि, उहाँलाई मारिएको पशुको आवश्यकता थियो। र त्यो पशुमा...मरेको पशुको रगत चौखोट र ढोकामा राखिएको हुनुपर्छ, र त्यो नै यहोवाको आवश्यकता पूरा भएको भन्ने कुराको टोकनको रूपमा उभिएको थियो। बुझ्नुभयो? अब, थूमा टोकन होइन, रगत चाहि टोकन थियो। अब, बलिदानबाट जीवन गएको छ, र अब रगत टोकन थियो। उहाँको आवश्यकता पूरा गरिएको थियो। रगत टोकनको निम्ति उभियो, त्यो चिन्हको रूपमा कि यस विश्वासीले ठिक आवश्यकता पूरा गरेको छ। त्यो नै टोकन थियो। ठिक छ, विश्वासीलाई देखेर, आराधना, उसको बलिदानबाट पहिचान गरियो। बुझ्नुभयो?

17 *यहाँ* घर छ, र अराधक, आवश्यकता के थियो? "थूमालाई मार्ने। यो माथि राखेको चौधौ दिनमा, एउटा—एउटा भाले निस्खोट, सबै इस्राएलले यो मार्नुपर्दथ्यो, र हिसपसँग रगत लिईनुपर्थ्यो अनि ढोकाको चौखोटमा राखिनुपर्थ्यो।।"

18 र, खैर, त्यो हिसप मात्रै सामान्य सामा थियो। *हिसपको* अर्थ "तपाईको विश्वास" हो। कसैले अलौकिक विश्वास राख्न खोज्छ, त्यहि नै कारणले तपाईले आफ्नो चंगाई गुमाउनुहुन्छ। विश्वास एउटा सामान्य कुरा हो। मण्डलीमा आउनको लागि तपाईसँग विश्वास छ। त्यहाँ बाहिर हिड्नको लागि तपाईसँग विश्वास छ। तपाईको कारलाई शुरू गर्न तपाईसँग विश्वास छ। तपाईको बेलुकीको खाना खान तपाईसँग विश्वास छ। त्यस तरिकामा यो छ, बस सामान्य विश्वास। अब रगतलाई लागू गर्नको लागि, हिसपसँग लगाईएको थियो। जुन केवल सामान्य सामाहरु हो जुन प्यालेसटाईनको

कुनै पनि ठाउँमा हुर्कंथ्यो, यो देखाउदै थियो कि विश्वास जुन रगतद्वारा लागू गरिन्थ्यो यो कुनै महान कुरा होइन यो गर्नको लागि तपाईसँग सबै खालको डाक्टरको डिग्री हुनुपर्दछ। यो बस सामान्य, दैनिकी आस्था, परमेश्वरमा विश्वास गर्ने। बुभ्नुभयो? “रगत लगाओ,” विश्वासद्वारा, “हिसपमा।”

19 अब, उपासक, तब, यस रगतको मुनि देखियो, यो देखाउथ्यो कि उसले यहोवाको अनुरोध पूरा गरेको थियो, र उसको पहिचान भयो। टोकनले उनी मारिएको थूमासँग चिनिएको थियो जुन यहोवालाई आवश्याक थियो। काम गरियो। आज ख्रीष्ट र विश्वासीको, कति उत्तम एउटा चित्रण हो। जब विश्वासीमा टोकन प्रदर्शित गरियो, तब यसले यो देखायो कि यो स्वीकार गरिएको छ र कार्य पूरा गरिएको छ।

20 त्यसपछि, रगत पहिचानको एउटा टोकन थियो, रगत आफैमा। पशुको रगत बग्यो, मर्यो, र उसको रगत भित्तामा थियो। अब, पशुको जीवन, त्यो रगतमा थियो। र जीवन रगतमा थियो, हामीलाई त्यो थाहा छ। बाईबलले त्यसो भनेको छ, र विज्ञानले यो प्रमाणित गर्छ, जीवन रगतमा छ। त्यसैकारणले यसर्थ जब पशु मारियो, र पशुबाट जीवन तोडियो, रगत टोकनको लागि खडा हुन, रगतको रसायन हुनपर्थ्यो। किनभने, रगतमा भएको जीवन विश्वासीमा फर्केर आउन सक्दैन थियो, किनभने यो पशुको रगत थियो।

21 र पशुको जीवन र मानवको जीवन विल्कुलै फरक छ। त्यहाँ कुनै, यसमा विल्कुल केहि पनि थिएन। तपाई लिनुहोस्, पशुको रगत लिनुहोस् र आफू राख्नुहोस्, तपाई मर्नुहुनेछ। त्यसैले तपाईले देख्नुहुन्छ, हामी, यो एउटा—यो पशुको रगतमा मानिसको रगतमा भएको भन्दा भिन्न जीवन हुन्छ, किनभने मानिसमा एउटा प्राण हुन्छ। पशुमा प्राण हुदैन।

22 र अब, त्यसैकारणले, रगत आफै, अब बुभ्नुहोस्, लाल रसायन, रगतको रसायन, थूमा मारिएको छ भन्ने एउटा टोकनको रुपमा, ढोकामा बाहिर उभिनुपर्थ्यो, अब, किनभने थूमाको जीवन मानव उपासक कहाँ फर्केर आउन सक्दैन थियो। तर आज...यो केवल एउटा प्रकार थियो।

23 आज यो हाम्रो थूमा, प्रभु येशूको रसायनिक रगत होइन, तर यो रगतमा भएको जीवन हो, जो पवित्र आत्मा हुनुहुन्छ। यो फर्केर आउछ र यो टोकन हो जुन हामीले स्वीकार गरेका छौ र परमेश्वरले जे गर भन्नुभएको थियो ठिक त्यो गरेको छ। र तब, टोकन भएको कारणले, हामीहरु हाम्रा बलिदानसँग

पहिचान भएका छौ। सिद्ध रूपमा। म अरु कुनै कुरा यो भन्दा स्पष्ट भएको देख्दिन। बुझ्नुभयो?

24 एक मात्र तरिका जो कसैले भन्न सक्छ कि त्यो घर, पनि, रगतको मुनि, किनभने रगतको रसायन ढोकाको मुनि थियो। तिनीहरु त्यहाँबाट गए, मृत्युको स्वर्गदूतले हेर्नुपर्थ्यो र रगतलाई देख्नुपर्थ्यो। अब, फेरी, यो पवित्र आत्माको एउटा चित्रण थियो।

25 अब, हेर्नुहोस्, येशू ख्रीष्टको भौतिक रगत हामी हरेकमा आउन सक्दैन थियो, किनभने उहाँको शरीरमा यति नै रगत थियो। र यो, उहाँको शरीरबाट, भुइँमा खस्यो, दुई हजार वर्ष पहिले; तर यो एउटा टोकनको लागि थिएन। जीवन, रगतमा भएको जीवन, त्यो नै अहिले टोकन हो। म यो तपाईलाई यो बाईबलद्वारा, प्रमाणित गर्नेछु, बस एक मिनेटमा। यो टोकन थियो जुन हामीमा आउनेछ, यो देखाउन कि हामी हाम्रो बलिदानद्वारा चिनाईएका छौ, र यहोवाको अनुरोध पूरा गरेका छौ।

26 पत्रुसले, पेन्टिकोष्टको दिनमा भने, "पश्चाताप गर, तिमीहरु प्रत्येकले, पापको क्षमादानको निम्ति येशू ख्रीष्टको नाउँमा बप्तिष्मा लेओ, र तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौ। किनकि प्रतिज्ञा तिमीहरु, र तिमीहरुका छोराछोरीहरु, र तिनीहरु जो टाढा छन्, तिनीहरु जसलाई परमप्रभु हाम्रा परमेश्वरले बोलाउनुहुनेछ।" बुझ्नुभयो, यो तिनीहरुलाई मात्रै देखाएर होइन। "ज–जसलाई प्रभुले बोलाउनुहुनेछ।"

27 त्यहाँ धेरैले सोच्छन् कि तिनीहरु बोलाईएका छन्। तर सबै "प्रभु" ले बोलाएकाहरु! "जसलाई उहाँले पहिले नै चिन्नुभयो, उहाँले बोलाउनुभयो; सबै जसलाई उहाँले बोलाउनुभयो, उहाँले धर्मी ठहराउनुभयो; सबै जसलाई उहाँले धर्मी ठहराउनुभयो, उहाँले महिमित पार्नुभएको छ," कुरा पहिले नै तय भईसकेको छ।

28 र जब तपाईले त्यो एउटा व्यक्तिलाई लिनुहुन्छ जसले पवित्र आत्मा आजको दिनको लागि हो भनि विश्वास गर्दैन, हेर्नुहोस् तिनीहरुले के गर्दैछन्? तिनीहरुले टोकनलाई इन्कार गर्दैछन् जुन तपाईको बलिदानसँग तपाई जोडिनुभएको छ भन्ने प्रतिक हो। हेर्नुहोस् मेरो अर्थ के हो? यो एकदम सरल छ यदि तपाईले केवल यसलाई परमेश्वरले अहिले लेख्नुभएको— तरिकाले हेर्नुहुन्छ भने। रगतले हामीलाई बोक्यो र हामीहरु...पवित्र आत्माको प्रतिक—देखाउछ, त्यो जीवन हो।

29 अब, पशुको जीवन मानिसमा फर्केर आउन सक्दैन, किनभने त्यो मेल खादैन थियो, पशुको जीवन आफैमा कुनै प्राण हुदैन। मानव जीवनमा एउटा प्राण छ। पशुलाई आफू नाङ्गो छु भन्ने थाहा हुदैन। उसलाई गलत र सहि थाहा हुदैन। ऊ, ऊ केवल…उहाँसंग एउटा—एउटा आत्मा हो, तर एउटा प्राण छैन। अब याद गर्नुहोस्, अब, प्राण आत्माको स्वभाव हो, अवश्य पनि।

30 अब हेर्नुहोस्, तर त्यसबेला जब हाम्रो बलिदानको जीवन, येशू ख्रीष्ट, जब उहाँको रगत बगाईयो…उहाँ परमेश्वर हुनुहुन्थ्यो, एउटा मानिसमा ढाकिएको। अब, उहाँ यहोवा बनिरहनबाट निस्केर तल आउनुभयो, उहाँ आफैलाई मानव जातिको रूपमा परिचित गर्नको लागि, आफैमा मानिसको रुप लिन, उहाँसँग हामीलाई पहिचान गराउन। उहाँ परमेश्वरको थूमा हुनुहुन्थ्यो। र उहाँको भित्र, जहाँ रगत…

31 अब मलाई थाहा छ कसैले भन्नुहुन्छ, “उहाँ यहूदी रगत हुनुहुन्थ्यो।” यहूदीहरुले त्यसो भनेको तपाईले सुन्नुहुन्छ। उहाँ यहूदी रगत हुनुहुन्न थियो, र उहाँ अन्यजातिको रगत पनि हुनुहुन्न थियो। उहाँ परमेश्वरको रगत हुनुहुन्थ्यो। उहाँसँग न त यहूदी…उहाँ न त यहूदी न त अन्यजाति हुनुहुन्थ्यो। उहाँ एक परमेश्वर हुनुहुन्थ्यो। “एउटा—एउटा—एउटा कन्या गर्भवती हुनेछिन्।”

32 अब, मलाई थाहा छ तपाईहरु मध्ये धेरै जसोले र प्रोटेस्टेन्टहरुले अण्डा मरियमको हो भनि सोच्नुहुन्छ। र—जुन हेमोग्लोबिन आउँछ, जीवन रगतको कोशिकामा आउँछ। किनभने, एउटा कुखुराले अण्डा पार्न सक्छ, भाले चरासँग नजोडीकन, यसले अण्डा पार्दैन, किनभने यो उर्वर छैन। जीवन रगतको प्रवाहबाट आउछ, जुन भालेको लिङ्गबाट आउछ। तर यस मामिलामा त्यहाँ भाले लिङ्ग थिएन, त्यसैले, “रगतमा भएको जीवन,” यो परमेश्वरबाट मात्रै आउनुपर्थ्यो, र उहाँले मरियमको गर्भमा एउटा रगतको कोशीका सृष्टि गर्नुभयो। परमेश्वर आफै, सृष्टिकर्ता आफैले नै, एउटा रगतको कोशीका सृष्टि गर्नुभयो। अब हेर्नुहोस्। तिनीहरुले भन्छन्, “ठिक छ, यो शरीर थियो। मरियमसँग अण्डा थियो।” होइन, श्रीमान। उनी थिएनन्; कुनै अण्डा थिएन। यदि यो अण्डा थियो भने, तपाईले संवेदना बिना वीर्य पाउन सक्नुहुन्न। र यदि उहाँ, उनमा संवेदना थियो भने, परमेश्वरले के गर्दै हुनुहुन्थ्यो भनि तपाई सोच्नुहुन्छ?

33 उहाँले अण्डा र रगत दुवै सृष्टि गर्नुभयो। उहाँ ठ्याक्कै त्यहि नै हुनुहुन्थ्यो।

"हामीले परमेश्वरलाई सम्हाल्यौ," बाइबलले भनेको छ। पहिलो तिमोथी ३:१६, "कुनै विवाद छैन कि ईश्वरभक्तिको रहस्य ठूलो छ: परमेश्वर शरीरमा प्रकट हुनुभयो। हामीले उहाँलाई हाम्रा हातले समात्यौ।" त्यो शरीर परमेश्वर हुनुहुन्थ्यो। निश्चय नै, उहाँ हुनुहुन्थ्यो। उहाँ मानव जातिको रूपमा, पूर्णरूपले परमेश्वर हुनुहुन्थ्यो।

34 अब हामीले यसमा ध्यान दिन्छौ, कि कि रगतको कोशीका टुक्रिएकोले, त्यसले परमेश्वरलाई छोडेको छ। "परमेश्वर ख्रीष्टमा हुनुहुन्थ्यो, संसारलाई आफैमा मिलापमा राख्दै हुनुहुन्थ्यो।" जहाँ, अरु कसैले पनि यो गर्न सक्दैन, केहि पनि गर्न सकिदैन थियो; यसले, आफैले त्यो पवित्र रगत लियो। परमेश्वर तल आउनुपर्थ्यो र मानिस बन्नुभयो, उहाँको आफ्नै व्यवस्था भोग्नको निम्ति। यदि येशू केवल एउटा अगमवक्ता मात्रै हुनुहुन्थ्यो भने, एउटा मानिस जो परमेश्वरबाट अलग्गियो, त्यसो हो भने परमेश्वर अन्यायी हुनुहुन्छ।

35 यदि मैले भन्न सके, "बिल्लीले गरेका केहि पापको लागि मर्न भाई ग्रान्टलाई पठाउनुहोस्," वा केहि अरु, केहि दण्ड, त्यो अन्यायपूर्ण हुनेछ। यदि मैले फैसला गरेको एउटा दण्डको लागि मसँग एउटा केटा थियो भने, यो अझै पनि न्यायसंगत हुनेछैन। त्यहाँ एउटा मात्रै न्याय छ जुन मैले गर्न सक्छु, त्यो उनको स्थान लिनु हो, यदि म उनलाई बचाउन चाहन्छु भने।

36 र पापीको स्थान लिनको लागि, परमेश्वर देहधारी हुनुपर्थ्यो; परमेश्वर देहमा प्रकट हुनुभयो, परमेश्वर आफै भन्दा केहि कम थिएन। अब, यहाँ उहाँ हुनुहुन्थ्यो, शरीरमा प्रकट हुनुभयो, संसारको पापलाई हटाउनको लागि। र उहाँले आफैलाई हामीमा चिनाउनुभयो, ताकी हामी उहाँमा पहिचान हुन सकौ। यसको उदेश्यलाई देख्नुहुन्छ?

37 अब हामीले आफ्नो पहिचान हाम्रो बलिदानबाट पाउदछौ, बलिदानको जीवन हामीमा, जुन पवित्र आत्मा हो। जब त्यो कोशीका तोडियो, यसले परमेश्वरलाई रिहा गर्यो, परमेश्वरलाई खोलिदियो, कि उहाँले आफ्नै रगतद्वारा मानिसलाई पवित्र गर्नुभयो र परमेश्वरलाई फेरी पनि मानिसमा राख्नुभयो। परमेश्वर हामी भित्र, अनन्त जीवन!

38 र कुनै पनि ग्रिक विद्वानलाई त्यो त्यो शब्द थाहा छ, अनन्त जीवन, जुन जेट–ओ–इ, जोइ, शब्दबाट आउछ जसको अर्थ हो "परमेश्वरको आफ्नै जीवन।" त्यो सहि हो। एक मात्रै तरिका जसबाट तपाईले जीवन पाउन

सक्नुहुन्छ, त्यहाँ केवल एउटा रुपको अनन्त जीवन छ, र त्यो तपाई भित्र परमेश्वरको आफ्नै जीवन हो। बुझ्नुभयो? तब तपाईसँग अनन्त जीवन छ, किनभने उहाँ मात्रै त्यहाँ भएको अनन्त जीवन हुनुहुन्छ। र हामीहरु उहाँको विचारहरुको गुणहरु हौँ, जुन संसारको जग बसालिनु वा अरु हुनुभन्दा अगाडि थियो। यो सबै केवल उहाँको विचार हो, र यो के थियो भनि हामी उहाँको विचारहरुको प्रदर्शन हौ।

39 रर पापलाई हटाउनको लागि उहाँ तल आउनुपर्थ्यो। यो अरु कसैले पनि गर्न सक्दैन थियो। त्यहाँ यो गर्नको लागि कोहि पनि योग्यको थिएन। उहाँले बाहेक कसैले पनि गर्न सक्दैन थियो, र उहाँले गर्नुभयो।

40 र त्यसपछि, जब त्यो जीवन त्यो शरीरबाट निस्कियो, मानिस, जो परमेश्वरको पुत्र थियो (उहाँको सृजनात्मक शक्तिले भवन बनायो, कुनै ठेकेदारले जस्तै, उहाँ सर्नुभएको भवन निर्माण गर्नुभयो, आफैले, परमेश्वरले त्यो गर्नुभयो), र त्यसपछि, जब त्यो जीवन लिईयो, रगत, यसको रसायनशास्त्र, जमिनमा खान्याईयो, ठिक त्यस्तै जस्तो *धर्मी* हाबिलको जमिनमा खान्याईयो, तर त्यस रगतबाट परमेश्वरको पवित्र आत्मा आयो, र त्यो मानिसमा पेन्टिकोष्टको दिनमा पठाईयो, त्यस बलिदानसँग पहिचान हुनको लागि जुन तिनीहरुको निम्ति मर्यो। हामीले यो प्राप्त गर्ने संसारमा अरु कुनै बाटो छैन। एउटा सकारात्मक टोकन!

41 हेर्नुहोस्, यदि तपाई मृत्युको लागि दोषी हुनुहुन्थ्यो, र तपाई बिजुलीको कुर्सीमा जाँदै हुनुहुन्छ भनि तपाईलाई थाहा थियो, र याद गर्नुहोस्, इन्कार गर्न...

42 डल्लास, सुन्नुहोस्! येशू ख्रीष्टको रगतलाई इन्कार गर्न, उहाँको रगतको टोकन, यदि तपाईले यसलाई देख्नुभयो र यसलाई इन्कार गर्नुभयो, तपाईले उहाँको रगत तपाईको हातमा भएको अवस्थामा न्याय सामना गर्न जाँदै हुनुहुन्छ। पापी, मण्डलीका सदस्य, त्यो याद गर्नुहोस्।

43 के हुन्थ्यो यदि ली ओस्वाल्ड सक्षम भएको भए, केहि दिनमा, र उहाँले सामना गर्नुपरेको सर्वोच्च अदालतको पसिना; र जान्नुहुन्थ्यो, राष्ट्रपतिलाई मारेकोले, त्यहाँ दयाको एउटा कण पनि हुने थिएन, त्यो मानिसले कस्तो महसूस गरेको हुनुपर्छ! यो एउटा भयानक कुरामा भएको हुनुपर्छ। उहाँले कहिल्यै पनि यो सामना गर्नु परेन, किनभने अर्को मानिसले उहाँलाई गोली हानेको थियो। तर त्यहाँ क्रोधित सर्वोच्च अदालतको अगाडि बसेको

सोच्नुहोस्, तपाईको साथीको रगत तपाईको हातमा, संयुक्त राज्यको राष्ट्रपति! त्यो एउटा सामन्य कुरा हुनेछ, तपाई मानिसहरुको लागि जो येशू ख्रीष्टको रगत नाघेर जानुभएको छ, जब तपाई परमेश्वरको अदालतमा उभिनुहुन्छ। जब तपाईले जान्नुहुन्छ तपाई पसिना–पसिना हुनुहुनेछ। ओस्वाल्डले आफ्नो लागि यो जीवन त्याग्नुभन्दा अरु केहि गर्न सक्दैन थियो, तर परमेश्वरले तपाईलाई उहाँको उपस्थितिबाट अनन्तकालको लागि टाढा पार्नुहुन्छ। यो एउटा भयानक कुरा हुनेछ। ध्यान दिनुहोस्।

44 यदि तपाई अदालतमा आउनुपर्यो भने, दोषी भएकोले, तपाईले भेट्टाउन सक्ने सबैभन्दा राम्रो वकिललाई तपाईले खोज्नुहुनेछ। जो कोहिले पनि त्यो गर्नेथियो।

45 र हरेक मानिस जो यस संसारमा जन्मेको छ, उनी जत्तिसुकै राम्रो घर बाट किन नआएको होस् मलाई त्यसको वास्ता छैन, ऊ येशू ख्रीष्टको रगतको लागि तबसम्म दोषी हुन्छ जबसम्म उसले रगतको क्षमालाई स्वीकार गर्दैन। र क्षमा सहि छ भनि तपाईलाई थाहा हुने एक मात्र तरिका, जब टोकनले आफैलाई तपाईमा राख्छ, र तपाईसँग टोकन हुन्छ।

46 ध्यान दिनुहोस्, तपाई दोषी हुनुहुन्छ, र तपाईको मुद्दामा बहस गर्नको लागि तपाईले पाउन सक्नेसम्मको उत्तम अधिवक्ता तपाईले खोज्नुहुन्छ। र यदि म परमेश्वरको इन्साफमा जाँदै थिए भने, म कुनै पूजाहारीको चाहन्न, मलाई कुनै मानिस चाहिन्न; मलाई मेरो मुद्दाको बहस गर्नको लागि मैले भेट्टाउन सक्ने उत्तम अधिवक्ता चाहन्छु।

47 मलाई यो भन्न दिनुहोस्, तपाईलाई, मेरो इसाई मित्र। हाम्रो अधिवक्ता हाम्रो न्यायधीश पनि हो, र हाम्रो—हाम्रो न्यायधीश हाम्रो अधिवक्ता हुनुहुन्छ। मुद्धा टुंगिन्छ जब हामीले उहाँको क्षमालाई स्वीकार गर्छौं। न्यायाधीश आफै तल आए र अधिवक्ता बने, र अधिवक्ता र न्यायाधीश एकै व्यक्ति हुन्। परमेश्वर मानिस बन्नुभयो, ताकी उहाँले मानिसलाई उहाँले आफैमा राख्नुभएको आफ्नो मृत्युद्वारा धर्मी ठहराउन सक्नुभएको होस्। हाल्लेलुयाह! त्यसको अर्थ, "हाम्रा परमेश्वरको प्रशंसा होस्!" उहाँ सबै प्रशंसाको योग्य हुनुहुन्छ। हाम्रो न्यायधीश र अधिवक्ता एउटै व्यक्ति हुनुहुन्छ।

48 पवित्र आत्मा नै हाम्रो क्षमा भएको छ भन्ने टोकन हो। मुद्धा टुंगिन्छ। हरेक पुरुष र महिलाको लागि जसले पवित्र आत्माको बप्तिष्मा साँचो रूपमा प्राप्त गरेका छन्, उसलाई मुद्धा चलाईएको छ, ऊ आफ्नो अधिवक्तासँग

पहिचान गरिएको छ, उसको न्यायधीशसँग, उसको बलिदानसँग, र उसको अधिकारमा भएको उसले समातेको टोकनले महिमामा उसको यात्राको भुक्तान भएको छ भनि देखाउदछ। आमेन। यो सबै सकिएको छ। उसले त्यो टोकन समातेको छ। यो उसको हो, पवित्र आत्माको बप्तिष्मा, जो येशूको पुनरुत्थानको साक्षी हो। आमेन। के तपाई यो विश्वास गर्नुहुन्छ? [मण्डलीले भन्छ, "आमेन।"—सम्पा।] त्यो तपाईको पहिचान हो, तपाईले टोकन बोक्दै हुनुहुन्छ।

49 अब यदि तपाईले त्यो टोकन पाउनुभएको छैन भने, तपाई भित्र आउनुहुनेछैन। तपाईसँग टोकन हुनुपर्दछ। त्यो आवश्यक मूल्य हो, "जब म रगत देख्दछु, रगत टोकन हो। जब म रगत देख्छु, म तिमीहरुलाई नाघेर जानेछु।" तपाईसँग टोकन हुनुपर्दछ। यदि तपाईसँग छैन, किन, तपाई जानुहुनेछैन। तपाईसँग टोकन हुनुपर्दछ।

50 यदि टोकन देखाईएन भने, टोकन त्यहाँ तल देखाईएन, यहाँसम्म कि करार पनि प्रभावकारी थिएन। तपाई भन्नुहुन्छ, "ठिक छ, अब, भाई ब्रन्हाम, अब बस एक मिनेट पर्खनुहोस्।" त्यो एकदम सहि हो।

51 टोकन करारभन्दा माथि थियो। किनकि इस्राएलसँग खतना हुनको लागि एउटा करार थियो, कुनै पनि यहूदीले गएर कुनै पनि व्यक्तिलाई देखाउन सक्थ्यो, "मैले खतना गरेको छु भनि म तपाईलाई प्रमाणित गर्न सक्छु, म एक यहूदी हुँ, मैले यहोवाको आज्ञा अनुसार खतना गरेको छु," तर यदि उसँग त्यहाँ टोकन पनि थिएन भने त्यसले अझै पनि उसलाई छुटाएको थिएन। उसले टोकन देखाउनु नै पर्छ। के तपाईले यो बुझ्नुभयो? [मण्डलीले भन्छ, "आमेन।"—सम्पा।] उहाँ...टोकन त्यहाँ हुनुपर्दछ, जसरी पनि। र यदि तपाई करारमा हुनुहुन्छ भने...यदि कुनै यहूदीले भन्छ, "म मेरो ढोकामा रगत राख्नेवाला छैन, म एउटा करारको यहूदी हुँ भनि प्रमाणित गर्नसक्छु," मृत्युको स्वर्गदूतले उनलाई भेट्यो। ऊ जतिसुकै वफादार किन नहोस्, ऊ जतिसुकै मण्डलीको सदस्य किन नहोस्, जतिसुकै उनले दशांस किन नातिरोस्, उनले यहोवालाई विश्वास गरे भनि जसरी भनोस्; यहोवालाई त्यो टोकन चाहिन्थ्यो।

52 र उहाँले आज पनि, यो गर्नुहुन्छ। यो हुनुपर्दछ। यो हुनुपर्दछ, "किनकि स्वर्ग मुनि त्यहाँ अर्को बाटो छैन, न त अर्को नाम नै दिईएको छ, कुनै छैन।" चाहे जति नै असल, जति नै वफादार किन नहोस्। त्यो टोकन

त्यहाँ हुनुपर्दछ, र प्रदर्शित हुनुपर्दछ।

53 "रगत," तपाई भन्नुहुन्छ, "ठिक छ, मैले थूमालाई मारेर एउटा भाँडामा राखेको छु। मैले यहाँ पछाडि राखेको छु।" त्यो उहाँले भन्नुभएको होइन। यो चौखोट र ढोकामा हुनुपर्छ। यो प्रदर्शित हुनुपर्छ।

54 र तपाईको जीवनले टोकन तपाईमा छ भनि प्रदर्शित गर्नुपर्दछ। ओ, तपाई पेन्टिकोष्टलहरु, तपाईमा के समस्या छ? काटेको कपाल, रंगिएको अनुहार, पुरुष, फोहोर चुटकिला र चिजहरु, मेरो प्रभु येशू ख्रीष्टको रगत पवित्र आत्माको टोकन हो भनि प्रदर्शन कहाँ छ? तपाई, ईश्वरभक्तिको भेष लगाउने, र "तन्त्रमन्त्र" र सबै खालका कुरालाई बोलाउने, परमेश्वरको कामहरु, "बोक्सीविद्या।" तपाईले कसरी टोकन देखाउनुहुन्छ?

55 तिनीहरुले भन्छन्, "म पेन्टे–..." तपाई के हुनुहुन्छ मलाई वास्ता छैन। "म ब्याप्टिष्ट हुँ। म प्रेस–..." तपाई को हुनुहुन्छ भन्ने कुराको मलाई वास्ता छैन। त्यो टोकन त्यहाँ हुनुपर्दछ। परमेश्वरलाई यो चाहिन्छ, र अरु केहि नभएर यो चाहिन्छ।

56 तपाई भन्नुहुन्छ, "ठिक छ, मसँग डाक्टरको छ।" तपाईसँग कतिवटा डिग्रीहरु छन् भन्ने कुराको मलाई मतलब छैन। परमेश्वरलाई त्यो टोकन चाहिन्छ, र त्यो मात्रै नै। यो तपाईको बाटो भुक्तान गरिएको छ भन्ने चिन्ह हो। उहाँले तपाईको प्रमाण पत्र वा अरु कुरा लिन जाँदै हुनुहुने छैन। उहाँसँग त्यो टोकन हुनुपर्दछ।

57 बस चालकले भन्छ, "यहाँ, एक मिनेट पर्खनुहोस्, त्यो मेरो टोकन होइन।"

58 हवाईजहाजको मानिसले भन्छ, "ठिक छ, तपाई अब त्यहाँ बाहिर जानुहोस्।" एउटा टिकट एउटा टोकन हो। तपाई त्यहाँ बाहिर जानुहोस् र पाइलटलाई भन्नुहोस्, "यहाँ, म तपाईको विमानमा जान चाहन्छु। यो कति हो?"

"भित्र जानुहोस् र आफ्नो टोकन लिनुहोस्।"

"ओ, म तपाईलाई तिर्नेछु।"

59 "म यो लिन सक्दिन। तपाई मेरो हवाईजहाजमा तबसम्म जानुहुनेछैन जबसम्म तपाई मूल्य तिरेर टोकन लिनुहुदैन। म टोकन खोज्दैछु।"

तपाई भन्नुहुन्छ, "ठिक छ, म विद्यालय गए। मैले *यो* गरे। म..."

60 तपाईले के गर्नुभयो मलाई त्यसको मतलब छैन, तपाईसँग टोकन हुनुपर्दछ नभए तपाई जान पाउनुहुन्न। आमेन र आमेन। के तपाईले यो देख्नुहुन्न? परमेश्वरलाई त्यो टोकन चाहिन्छ। "जब म रगतलाई देख्छु, र तब मात्रै म तिमीहरुबाट नाघेर जानेछु जब मैले त्यो टोकनलाई देख्छु।"

61 यो प्रदर्शित गरेको थिएन भने, करार पनि प्रभावकारी भएन। एउटा यहूदीले विल्कुलै भन्न सक्छ र आफैलाई एउटा—एउटा खतना गरिएको यहूदी हुँ भनि प्रमाणित गर्न सक्छ, उसले दाजुभाईहरुलाई बाहिर लगेर भन्न सक्छ, "यहाँ हेर्नुहोस्, म खतना भएको छु।" त्यसले एउटा कुराको अर्थ राख्दैन थियो।

62 तपाई भन्नुहुन्छ, "म मेथोडिष्ट हुँ। म ब्याप्टिस्ट हुँ। म पेन्टिकोष्टल हुँ। म *यो* हुँ। म *त्यो* हुँ।" त्यसले एउटा पनि अर्थ राख्दैन।

63 तपाईसँग टोकन हुनपर्दछ। र जब टोकन आउदछ, यसले ख्रीष्टको गवाही दिँदछ। यसले गर्नेछ भनि उहाँले भन्नुभयो। र ख्रीष्ट वचन हुनुहुन्छ। र बाईबल सत्य छ भन्ने कुरालाई तपाईले कसरी इन्कार गर्न सक्नुहुन्छ, यसको भागलाई, र अझै पनि म सँग टोकन छ भन्न सक्नुहुन्छ, कहिले टोकन येशू ख्रीष्टको गवाही हो? हेर्नुहोस्, त्यहाँनिर म सोच्छु।

64 "ओ," भन्नुहोस्, "म विश्वास गर्दिन, म आश्चर्यका दिनहरुमा विश्वास गर्छु..." ओ, बाहिर हेर्नुहोस्, त्यहाँ कुनै टोकन छैन। टोकनले प्रत्येक वचनलाई "आमेन," ले सबै कुरालाई विराम दिन्छ, किनकि यो परमेश्वर आफै हुनुहुन्छ। बुझ्नुभयो? ठिक छ।

65 तर यदि टोकन त्यहाँ थिएन भने, करार प्रभावकारी हुने थिएन। त्यो खारेज भयो। अहिले पनि उस्तै नै हो! चाहे जति नै—तपाईले जति नै भन्नुभएको होस्, जति नै तपाईले भन्नुहुन्छ, "म बाइबलको हरेक वचनलाई विश्वास गर्छु," भन्नुहुन्छ, "भाई ब्रन्हाम, म—म तपाईलाई आधा बाइबल, सबै बाइबल, हृदयबाट उद्धृत गर्न सक्छु। म यसको हरेक भाग विश्वास गर्छु।" त्यो असल हो। शैतानले पनि, त्यसो गर्छ। अँ–ह। यसले टोकनलाई लिन्छ।

66 "ठिक छ, भाई ब्रन्हाम, मेरो भित्ता डिग्रीहरुले भरिएको छ। म कलाको स्नातक हुँ, र मसँग डाक्टरको डिग्री छ, र एउटा ल्याटिनको एल.एल.डी छ। र, ओ, मैले पुस्तकहरु लेखेको छु। मैले यो गरेको छु। मैले सबैकुरा गरेको छु। म—मैले यी सबैकुराहरु गरेको छु।" मलाई वास्ता छैन। त्यो

सबै सबै ठिक छ, तर अझै पनि तपाईसँग टोकन हुन जरूरी छ। टोकन, अझै पनि टोकन चाहिन्छ!

67 तपाई भन्नुहुन्छ, "म एउटा बाइबलको विद्यार्थी हुँ। म एउटा—म एउटा असल व्यक्ति हुँ। म *यो* हुँ, *त्यो* हुँ।" त्यो सबै ठिक होला, त्यो सबै ठिक हो, तर अझै पनि यसलाई टोकन चाहिन्छ!

68 अब, मृत्युले मिश्रलाई कुनै पनि बेला प्रहार गर्नको लागि तयार थियो, र त्यसरी नै मृत्युले अहिले राष्ट्रलाई जुनसुकै समयमा प्रहार गर्न तयार छ।

69 एन्ना जिन्ना, म तपाईको बुवा जस्तै महसूस गर्दैछु, एक पटक एउटा टिप्पणी भन्नुभयो। मलाई त्यो सधै मन परेको छ। उहाँले भन्नुभयो, "तपाईलाई थाहा छ, यो देश, उही पापहरु सहित, यदि परमेश्वरले अमेरिकालाई उसले गरिरहेको कामबाट जान दिनुभयो भने, उहाँ नैतिक तवरले सोदोम र गमोरालाई उठाउन र तिनीहरुलाई जलाएकोमा, तिनीहरुसँग माफी माग्न बाध्य हुनुहुनेछ।" र त्यो सहि हो।

70 याद गर्नुहोस्, इस्राएलले उनले गरेको हरेक पापको लागि मूल्य चुकायो, र त्यसरी नै हामीले पनि गर्नेछौ। कति सुस्त हामी गईरहेका छौ? हातहरियो कस्नुहोस्! परमेश्वरमा फर्केर आउनुहोस्, मण्डली! यी कुराहरु भिन्न हुनको लागि भनिरहेको छुईन। म तपाईलाई चेतावनीको रुपमा भन्दैछु। तपाई विश्वास गर्नुहुन्छ!

71 मृत्युले प्रहार गर्न तयार थियो। परमेश्वरले तिनीहरुलाई उहाँको अनुग्रह र उहाँको दया देखाउनुभयो, उहाँको शक्ति र चिन्हहरु र आश्चर्यकर्महरु द्वारा (त्यसरी नै उहाँले आज मण्डलीलाई बाहिर निकाल्नुभन्दा अगाडि गर्नुभएको छ), अझै पनि तिनीहरुले पश्चाताप नगर्ने र संदेशलाई विश्वास नगर्ने इच्छा गरे।

72 हेर्नुहोस्, त्यहाँ मण्डलीलाई निकालेर लानुभन्दा ठिक अगाडि एउटा सन्देश थियो। त्यहाँ सधै हुनुपर्दछ। अहिले पनि उस्तै छ। हरेक आत्मिक घटना परमेश्वरबाटको चिन्ह हो। के तपाई त्यो विश्वास गर्नुहुन्छ? [मण्डलीले भन्छ, "आमेन।"—सम्पा।] सन्देश जस्तै, त्यहाँ चिन्ह छ अनि त्यसपछि सन्देशले चिन्हलाई पछ्याउदछ। परमेश्वरले मोशालाई भन्नुभयो, भन्नुभयो, "यदि तिनीहरुले पहिलो चिन्हको आवाजलाई विश्वास गरेनन् भने, हुनसक्छ तिनीहरुले दोस्रो चिन्हको आवाजलाई विश्वास गर्नेछन्।"

73 अब, जब तपाईले चिन्हहरु गईरहेको देख्नुहुन्छ, र त्यसको पछि कुनै सन्देश छैन, केवल धर्मशास्त्रको उही पुरानो विद्यालय र तल, जुन परमेश्वरबाट थिएन। तर जहाँ त्यहाँ एउटा चिन्ह देखाईन्छ, एउटा सन्देशले त्यसलाई पछ्याउछ। अब हेर्नुहोस्। येशू दृश्यमा आउनुभयो...

74 के म तपाईलाई बहिरो बनाउदैछु? वा जो कोहि यहाँ यो माईक्रोफोनमा हुनुहुन्छ, यो फर्केर आईरहेको जस्तो सुनिन्छ। शायद यो अलिकति चर्को छ। तपाईले यो बुझ्नुभएको म चाहन्छु।

75 जब येशू दृश्यमा आउनुभयो, उहाँले मानिसहरुलाई कहिल्यै पनि धेरै कुराहरु भन्नुभएन, सबैले उहाँलाई आफ्नो मण्डलीमा आओस् भन्ने चाहन्थे। "ओ, जवान अगमवक्ता, उहाँलाई पाउदा हामी धेरै खुसी छौ।" उहाँले बिरामीलाई निको पार्दै हुनुहुन्थ्यो। "ओ, परमेश्वरलाई महिमा होस्। परमेश्वरले हामीहरुको माझमा एउटा महान् मानिस खडा गर्नुभएको छ।" त्यो ठिकै थियो। त्यसैले एक दिन यो यस्तो ठाउँमा आयो जहाँ...त्यो उहाँको चिन्ह थियो।

76 यशैया ३५ ले यो एउटा चिन्ह हुनेछ भनि भनेको थियो। "लंगडोले हरिण जसरी उफ्रनेछ," र त्यस्तै, "अन्धोले देख्नेछ।" यो एउटा चिन्ह थियो।

77 उहाँले मसिहको रूपमा उहाँको चिन्ह देखाउनुभयो, र अन्य त्यस्तै। र तिनीहरु, तिनीहरु मध्ये धेरैले, भने, "हो, म त्यसको लागि जान सक्छु।" ठिक छ, अब, यदि त्यो एउटा चिन्ह थियो भने, त्यहाँ त्यस चिन्हको एउटा आवाज पनि हुनुपर्छ। यसको पछाडिको आवाज के थियो? जब उहाँले आफ्नो सिद्धान्त सिकाउन शुरू गर्नुभयो र तिनीहरुलाई घाँसमा भएका सर्पहरुका झुण्ड भन्नुभयो। त्यस समयबाट उहाँ लोकप्रिय हुनुभएन, हेर्नुहोस्, जब चिन्हसँग आवाज आयो। चिन्ह पहिले गयो।

78 मोशा तल मिश्रमा एउटा चिन्ह सहित गए। र उनले आफ्नो लौरो तल फाले, र त्यो एउटा सर्पमा परिणत भयो। त्यो चिन्ह थियो। तर केहि समय पछि, चिन्ह सहित आवाज आयो। त्यसपछि यो फरक थियो। हेर्नुहोस्, तिनीहरुले त्यो चाहदैनन्। आवाज—आवाजले, निश्चित रूपमा, एउटा चिन्हलाई पछ्याउदछ। र त्यो समय बाहेक अरु कुनै समयमा त्यो आउनसक्दैन थियो, किनभने त्यो धर्मशास्त्र पूरा हुने समय थियो। हेर्नुहोस् उहाँले उनलाई के भन्नुभयो, जलिरहेको पोथ्रामा, "मैले मेरा मानिसहरुको

विलाप देखेको छु र तिनीहरुलाई सुनेको छु, र मिश्रका कार्यकर्ताहरुद्वारा दिएका दुखहरु देखेको छु, र मैले अब्राहामसँग गरेको प्रतिज्ञा सम्झेको छु।" चार सय वर्ष बितिसकेको थियो, र उहाँले अब्राहामलाई भन्नुभयो कि तिनीहरु त्यहाँ तल हुनेछन्। हेर्नुहोस्, यो कुनै अर्को समय हुन सक्दैन थियो। मोशा ठिक त्यहि समयमा आउनुपर्थ्यो।

79 परमेश्वरको ठूलो घडीले सिद्ध रुपमा काम गर्छ। यो एक मिनेट चाडो वा एक मिनेट ढिलो हुन सक्दैन। यो ठिक सहि समयमा हुनेछ। ठिक छ, त्यसैले, तपाईले देख्नुहुन्छ, सबैकुरा ठिक तरिकाले चलिरहेको थियो, अरु समयमा आउन सक्दैन थियो।

80 न त यी कुराहरु अरु समयमा आउनसक्छ। यो लूथरको दिनमा आउन सक्दैन थियो। यो वेस्लीको दिनहरुमा आउन सक्दैन थियो। ब्याप्टिष्ट वा मेथोडिष्टको दिन, तिनीहरुको दिनहरुमा, यो आउन सक्दैन थियो। यो अहिले आउनुपर्छ। इस्राएल एउटा राष्ट्र हुनुपर्छ। मण्डलीहरु अहिले जस्तो छन् त्यस्तै हुनुपर्छ। त्यहाँ एउटा तेस्रो सन्देश हुनपर्थ्यो, एउटा तेस्रो मण्डलीको युग। त्यहाँ एउटा लाउडिकीया हुनुपर्थ्यो। यो तबसम्म आउन सक्दैन थियो जबसम्म पेन्टिकोष्ट आएर तिनीहरुको योजना बनाएनन्, र गएर संस्थागत भए, तिनीहरुले जे गरेका छन् ती गरे। तब यो आउनुपर्दछ, तब प्रभु आउनुहुन्छ, जब तिनीहरुले उहाँलाई मण्डलीबाट बाहिर राखे। उहाँ वचन हुनुहुन्छ।

81 तिनीहरु त्यो वचनलाई कहिँ पनि चुनौती दिन डराउँछन्। तिनीहरु यसको बारेमा एकदमै मौन छन्, तर यद्धपि तिनीहरु यसको बारेमा झमेला गर्छन्।

82 सिकागो, यहाँ धेरै समय भएको छैन, जब प्रभुले मलाई दर्शन दिनुभयो। मसँग तल त्यहाँ तिन सय सेवकहरु हुनुहुन्थ्यो। मैले भने, "अब मलाई थाहा छ तपाई के..." सर्पको बीउको बारेमा, र त्यस्तै, मैले भने, "तपाईहरु मध्ये एकले तपाईको बाइबल लिनुहोस् र मेरो छेउमा आएर यसलाई गलत साबित गर्नुहोस्।" तपाईले सुन्नुभएको मध्ये सबैभन्दा शान्त झुण्ड थियो। मैले भने, "त्यसो भए मेरो कुरा काट्न बन्द गर्नुहोस्।" हेर्नुहोस्, यो तिनीहरुको सोचाईको विद्यालयबाट बाहिर छ।

83 यद्धपि, तिनीहरुले भन्छन्, "भाई ब्रन्हाम एउटा अगमवक्ता हुनुहुन्छ जब उहाँ अभिषेक हुनुभयो, तर जब अभिषेक उहाँबाट टाढा हुन्छ, ओ,

मलाई थाहा छैन।” कस्तो एउटा...यदि त्यो एउटा—एउटा—एउटा—एउटा मिश्रित धर्मशास्त्रीको चिन्ह होइन भने! उही नै...

84 *अगमवक्ता* शब्दको अर्थ “वचनको एक ईश्वरीय प्रकाशकर्ता” हो। परमप्रभुको वचन अगमवक्ताहरुमा आउछ। त्यहि तरिकामा नै येशूको पहिचान भयो। र तिनीहरुले पुनरुत्थान पछि भने, तिनीहरुले भने, “हामी जान्दछौ कि उहाँ परमेश्वरको एउटा अगमवक्ता हुनुहुन्छ,” हेर्नुहोस्, “परमेश्वर उहाँसँग नभईकन कसैले पनि यी कुराहरु गर्न सक्दैन,” त्यसपछि उहाँको सन्देश स्वीकार गर्दैन थिए। तिनीहरुले यूहन्नालाई स्वीकार गरेनन्, र उनी एउटा अगमवक्ता थिए। एलियालाई स्वीकार गरेनन्, बाकि कुनैलाई पनि गरेनन्, र तिनीहरुसँग ईश्वरीय प्रकाश थियो।

85 यो शब्द, अंग्रेजी शब्द, *अगमवक्ता,* अंग्रेजी शब्दहरुले जे पनि अर्थ लगाउन सक्छ, यसको अर्थ हो “एउटा प्रचारक।” तर जब तपाईले *अगमवक्ता* भन्नुहुन्छ, पुरानो बाइबलको, यसको अर्थ “एउटा दर्शी” हो। र उनको प्रमाण चाहि, त्यो, जे उनले भनेको छ त्यो पूरा हुन आउछ, र त्यो नै उनी एक अगमवक्ता हुन् भन्ने चिन्ह हो; उ पनि कि उसँग लिखित वचनको ईश्वरीय प्रकाश छ भन्ने चिन्ह थियो। र त्यसपछि परमेश्वरले यसको पुष्टि गर्दै, उनको पछाडि, यो प्रमाणित गर्नुभयो।

86 कसरी? ठिक छ, यो केवल यो तरिकामा हुनुपर्छ, यहि नै हो। त्यहाँ यसको वरपर जाने कुनै तरिका छैन। परमेश्वरले त्यो तरिकामा हुनेछ भन्नुभयो, र त्यहाँ तपाई हुनुहुन्छ। तर त्यहाँ आज यो छ, हेर्नुहोस्, त्यो टोकन त्यहाँ हुनुपर्दछ, त्यसले त्यो वचनलाई पहिचान गराउछ र त्यसलाई ठ्याक्कै सत्य बनाउदछ। त्यसपछि कसरी उहाँले त्यसको लागि प्रतिज्ञा गर्नुभयो, कसरी उहाँले आफ्ना प्रतिज्ञाको–भूमिका मानिसहरुलाई तयार पार्नुभयो, अब, जब उहाँ यो प्रस्थानको लागि जाँदै हुनुहुन्थ्यो, जुन एउटा चित्रण थियो।

87 अब म अर्को पन्ध्र, बिस मिनेटमा, यो सन्देश सिध्याउन जाँदैछु। अब नजिकबाट ध्यान दिनुहोस्, तपाईले यो पाएको म चाहन्छु, किनकि मैले तपाईलाई फेरी कहिल्यै पनि नभेट्न सकूँ, हेर्नुहोस्।

ध्यान दिनुहोस्, अब हेर्नुहोस् कसरी उहाँले आफ्ना मानिसहरुलाई तयार गर्नुभयो।

88 उहाँले कहिल्यै पनि आफ्नो मार्ग परिवर्तन गर्नुहुन्न भनि कतिजनालाई

थाहा छ? उहाँले कहिल्यै पनि गर्नुहुदैन। [मण्डलीले भन्छ, “आमेन।”—सम्पा।] उहाँ...अब बाईबलबाट भएर हेर्नुहोस् र हेर्नुहोस् कि उहाँले कहिल्यै परिवर्तन गर्नुभयो कि भएन। होइन, श्रीमान।

89 उहाँले कसरी मानिसहरुलाई तयार पार्नुभयो? पहिलो, उहाँले पहिलो त एउटा चिन्ह सहित अगमवक्ता पठाउनुभयो, जो मोसा थिए। के त्यो सहि हो? [मण्डलीले भन्छ, “आमेन।”—सम्पा।] अनि चिन्हसँग एउटा सन्देश थियो, “तयार हुन” एउटा सन्देश थियो, तिनीहरु भूमिमा जाँदै थिए जुन प्रतिज्ञा गरिएको थियो। त्यसपछि उहाँसँग यो अगमवक्ताको, पहिचान थियो, कि उनी माथि एउटा ज्योति थियो। आगोको खामोले यस अगमवक्तालाई पछ्यायो, हामीलाई थाहा छ, मोसासँग उजाडस्थानबाट भएर गयो। हामीले त्यो बुझेका छौं। र त्यसपछि उहाँले तिनीहरुलाई डराउनुपर्दैन भनि आश्वासनको लागि एउटा चिन्ह दिनुभयो, सबै निराश र आत्तिएको; जहाँ उहाँले भन्नुभयो, “जब म त्यो टोकन देख्दछु, म तिमीहरुबाट निस्तार भएर जानेछु।”

90 हेर्नुहोस् उहाँले अहिले कसरी गर्नुभयो। उहाँले पहिलो तयार गर्नुभयो एउटा चिन्ह, एउटा सन्देशवाहक, पहिचान गरिएको सन्देश, संदेशवाहकको पहिचान, र बाटोको मूल्य चुक्ता गरियो भनि निश्चितताको एउटा चिन्ह थियो। तिनीहरु प्रतिज्ञाको देश तर्फ लागेका छन्।

91 त्यहि नै कुरा उहाँले आज गर्नुभएको छ! उहाँले के गर्नुभयो? उहाँले हामीलाई पवित्र आत्मा पठाउनुभयो। पवित्र आत्मा सन्देशवाहक हुनुहुन्छ, र उहाँको धर्मशास्त्रको पहिचानले उहाँलाई हामीमा पहिचान गराउदछ, हिजो, आज, र सधैंभरि। र टोकन नै निश्चितता हो। हामी के कुरामा डराउछौं? हाम्रो भाडा भुक्तान गरिएको छ र हाम्रो बलिदानद्वारा हामी पहिचान भएका छौं। उहाँले तपाईलाई अस्वीकार गर्न सक्नुहुन्न। उहाँले त्यो प्रतिज्ञा गर्नुभयो। हामीहरु पहिचान भएका छौं।

92 इस्राएल मिश्रबाट आउदै, जस्तो मैले भनेको छु, यो—मण्डलीबाट दुलही निस्केर आएको जस्तो हो। जब मोसाले आफ्नो सेवकाई शुरू गरे, इस्राएल सबै गोशेनमा एकसाथ भेला भए, प्रार्थना र आराधनाको लागि, ठ्याक्कै, मिश्रको सबै भागबाट आएका थिए। त्यहि नै तरिकामा दुलहीले गर्नेछिन्, यो सबै एकवाद, दुईवाद, त्रिएकवाद, र सबै अन्य किसिमहरुबाट आउनेछिन्। यो बाहिर आउनेछ। यो आउनुपर्छ। अब हामी

यहाँ हिब्रूमा पढ्छौ...हामी अब, हामीले सोच्न पर्ने पहिलो कुरा, सबै भागहरुबाट आउनुपर्छ, “अविश्वासबाट निस्केर आउनुपर्छ।” अब पवित्र आत्माले अन्तिम दिनहरुमा बोलाउनको निम्ति प्रतिज्ञा गर्नुभएको छ, “अविश्वासीहरुबाट निस्केर आउँ।” ध्यान दिनुहोस्।

93 हामीले हिब्रू १०:२६ मा पाउँछौ, मैले यहाँ लेखेको छु, यसले यो भन्छ, “यदि हामीले सत्यको ज्ञान पाए पछि पनि जानाजान पाप गर्छौं भने, त्यहाँ पापको निम्ति कुनै बलिदान छैन,” हेर्नुहोस्, यदि तपाईले जानाजान अविश्वास गर्नुभयो भने।

94 अब यदि तपाईले ध्यान दिनुहुन्छ भने, म यहाँ के भन्नेछु, मैले त्यो चित्रण गरुन्जेलसम्म तपाईहरुले मलाई एक क्षण दिनुहुन्छ भने। म आत्मामा महसूस गर्न सक्छु, ठिक माथि गएको थिएन। बुझ्नुभयो? ध्यान दिनुहोस्।

95 यहाँ हिब्रूहरु छन्, तिनीहरु आफ्नो बाटोमा छन्। परमेश्वर बाह्रजना मानिसलाई चुन्नुभयो, वा मोसाले चुने, परमेश्वरको हातद्वारा, पारी गएर भूमिको जासूसी गर्नको लागि; र फर्केर आए, भूमिको टोकन बोकेर ल्याए। र जब तिनीहरु त्यहाँ पुगे, दस जना अति नै डराए। “किन,” तिनीहरुले भने, “ती त्यहाँ माथि भएका अमालेकीहरुका अगाडि, हामी तिनीहरुको लागि फटेंग्रा जस्तै देखिन्छौ।” यहोशू र कालेब फर्केर आए, प्रमाण ल्याउदै, “हामी यो गर्न सक्छौ!”

96 तपाईले देख्नुहुन्छ, त्यो सिमावर्ती विश्वासीहरु हुन्। तिनीहरु यी भिन्न तत्वहरु, र मण्डलीद्वारा, र मण्डलीमा शामिल भई, र बप्तिष्मा र फारमहरुबाट भएर आउछन्। तर जब यो ठिक टोकन लिनको लागि पार गर्ने कुरामा आउछ, त्यो भूमि त्यहाँ छ, त्यो जीवन...येशू ख्रीष्ट मरेको छैन भन्ने प्रमाणको लागि। यो अर्को आयाम हो। उहाँ यसमा जिउनुहुन्छ। उहाँ हामीहरुसँग हुनुहुन्छ, उहाँ अहिले हामीहरु भित्र हुनुहुन्छ। जब यो त्यसमा आउँछ, “अँ,” तिनीहरुले त्यो विश्वास गर्न सकेनन्। त्यो अति नै थियो, तपाईले देख्नुहुन्छ। र तिनीहरु फर्केर आए, र तिनीहरु, सबैजना, उजाडस्थानमा मरे, तिनीहरु मध्ये एकजना पनि गएनन्। र, हेर्नुहोस्, यदि हामी अविश्वास गर्छौं भने, हामी मेथोडिष्ट, ब्याप्टिष्ट, प्रेस्बिटेरियन!

97 मलाई आशा छ कि मेरो पुरानो शिक्षक आज यहाँ बसिरहनुभएको छ। डाक्टर रोय ई. डेभिस, तपाईहरु मध्ये धेरैले उहाँलाई चिन्नुहुन्छ, ठिक यहाँ फोर्ट वर्थमा, उहाँ शायद यहाँ भित्र बसिरहनुभएको छ। मलाई याद छ

हामीले यी कुराहरु बहस गरेका थियौ, धेरै, धेरै वर्ष अगाडि। उहाँले मलाई विश्वासमा बप्तिष्मा दिनुभयो, एउटा मिसनरी ब्याप्टिष्ट मण्डली।

98 र हेर, यहाँ, अब, यदि हामी...यदि—यदि हामी त्यो सिमाना भूमिमा आउछौ भने, भनौ, "ठिक छ त्यसोभए, परमेश्वरलाई महिमा होस्, मैले अन्यभाषामा बोले, हाल्लेलुयाह!" त्यो नै होइन। यदि तपाईले भन्न सक्नुहुन्छ भने, त्यो कुनै पनि वचनलाई अविश्वास गर्नुहुन्छ, त्यहाँ तपाईको अनुभवमा केहि खराबी छ। बुझ्नुभयो?

99 तपाई ठिक भूमिमा आउनुहोस् अनि यो त्यहाँ छ भनि देख्नुहुन्छ। येशू बौरी उठ्नुभएको तपाईले देख्नुहुन्छ। उहाँ हामीहरुको माझमा हुनुहुन्छ। तपाईले वचन सुन्नुहुन्छ जसले सन्देशलाई पछ्याउछ, र अझै पनि यसलाई विश्वास गर्नुहुन्न, तपाईलाई थाहा छ के हुन्छ? तब तिनीहरु ठिक त्यहि उजाडस्थानमा मरे। "यदि हामीले सत्यको ज्ञान प्राप्त गरिसके पछि पनि जानाजान पाप गर्यौं भने, पापको लागि त्यहाँ कुनै बलिदान बाकि छैन।" त्यहि नै हिब्रूको पुस्तकले हामीलाई भन्दछ।

100 र अब हेर्नुहोस्, जसै हामीले पृथ्वीमा महान अन्तिम–समयको चिन्हहरु देख्दछौ, जुन उहाँले प्रतिज्ञा गर्नुभयो, कति धेरै यसले हामीलाई यो समय नजिक छ भनि चेतावनी दिएको छ। अविश्वास गर्न छोड्नुहोस्। सँगै आउनुहोस्। हामीले एकअर्कालाई प्रेम गर्नुपर्छ र विश्वास गर्नुपर्छ, र आफैलाई संसारबाट अलग गर्नुपर्छ।

101 ध्यान दिनुहोस्, तिनीहरु सँगै आएर सन्देशको बारेमा बोल्ने मात्रै थिएनन्। तिनीहरु त्यसमा पस्नुपर्छ, रगतको मुनि जानुपर्छ। आएर यो भन्ने होइन, "तपाईले थाहा छ, मोसाले हामीलाई भन्नुभयो, सन्देशवाहक, उहाँले भन्नुभयो, उहाँले हामीलाई भन्नुभयो कि हामीसँग रगत हुनुपर्छ। तपाईहरु यसको बारेमा के सोच्नुहुन्छ, केटाहरु?" त्यो त्यस्तो थिएन। थूमा मारेर, रगत त्यहाँ माथि लगाउ!

102 हामीहरु आएर बसेर वचनमा, र सबैकुरामा सहमत हुन सक्छौ, तर त्यो टोकन चाहि साथमा छैन भने, यसले हामीलाई के भलो गर्छ? केहि राम्रो गर्दैन। यसको तल आउनुहोस्। उहाँ त्यो रगतको मुनि नभएका कसैको लागि पनि जिम्मेवार हुनुहुन्न। र उहाँ कसैको लागि जिम्मेवार हुनुहुन्न, आज, जो टोकनको मुनि छैनन्।

103 पूरा परिवार, तब मात्रै सुरक्षित थिए जब तिनीहरु टोकनको मुनि हुन्थे,

र टोकन प्रदर्शित गराईएको हुन्थ्यो। समस्त परिवार! के तपाई त्यो विश्वास गर्नुहुन्छ? [मण्डलीले भन्छ, "आमेन।"—सम्पा।] आज हामीले त्यो याद गर्नुपर्दछ, मानिसहरु। हाम्रा छोराछोरीहरु!

104 र यो किशोरावस्थाको बकवास र रक–एण्ड–रोल, र कुराहरु जुनबाट हामी जाँदैछौ, र यी सबै यहाँ बीटल्स र बगहरु, र के तपाईलाई थाहा छ कि यो सबै यहाँ बाईबलको पुस्तकमा, प्रतिनिधित्व गरिएको छ? त्यो प्रकाशको पुस्तकमा भन्दछ। निश्चय नै, यसले गर्छ। कसरी मानिसहरु, तिनीहरु, तिनीहरु—तिनीहरु...तिनीहरु, तिनीहरु, हेर्नुहोस्, तिनीहरु, तिनीहरु छैनन्...तिनीहरु मरेका छन्। तिनीहरु उठ्न सक्दैनन्। तिनीहरु कहिल्यै पनि अनन्त थिएनन्। तिनीहरु विचारमा समेत थिएनन्, त्यसैले तिनीहरु नाश हुनेछन्। तिनीहरु सदाको लागि, पूर्ण रूपले नाश हुनेछन्। तिनीहरु युगौ युगको लागि दण्डित हुनेछन्, तिनीहरुले गरेका कामहरुको लागि, तर कुनै पनि कुरा जसको शुरुवात छ त्यसको अन्त्य हुन्छ।

105 यो जसको जसको कुनै शूरुवात छैन, त्यसको अन्त्य पनि हुदैन। त्यहाँ केवल एक खालको अनन्त जीवन छ। एक खालको अनन्त जीवन छ, हामी त्यसको लागि जोर गर्छौं। ध्यान दिनुहोस्।

106 यहोशू, यहोशूको दोस्रो अध्याय, विश्वास गर्ने अन्यजाति वेश्या, र उनको परिवारले सुनेको थियो, र तिनीहरुलाई रातो डोरी मुनि ल्याए, जुन यहोशूका दूतहरुबाट टोकन थियो। परमेश्वरको नाश गर्ने स्वर्गदूतले त्यो टोकनको आदर गर्यो, त्यो शहर भरिमा, त्यसलाई मात्रै गर्यो। त्यहाँ परमेश्वरको माग थियो, उहाँको दासहरुद्वारा, कि परमेश्वरलाई यो टोकन चाहिन्थ्यो, र त्यो मात्रै एक थियो। मलाई वास्ता छैन चाहे त्यो शहरको मेयर किन नहोस्, वा यो शहर कै सबैभन्दा पवित्र मानिस किन नहोस्, यदि तिनीहरु शहरको सबैभन्दा ठूलो मण्डलीमा गएको किन नहोस्, त्यो घर बाहेक शहरमा भएका सबै कुरा पतन भए। परमेश्वर, एक्लैले, त्यो टोकनलाई सम्मान गर्नुभयो।

107 ध्यान दिनुहोस्, परमेश्वरले महान् कामहरु गर्दैहुनुहुन्छ भनि यरिहोले सुनेका थिए, तर तिनीहरुले चेतावनीलाई ध्यान दिएनन्।

108 त्यसरी नै मानिसहरु आज परमेश्वरले के गर्दै हुनुहुन्छ भन्ने कुरा केहि वर्ष देखि सुन्दै आईरहेका छन्, तर तिनीहरुले यसमा ध्यान दिदैनन्। यो अनुग्रह र चिन्हहरुको महान शक्ति, जस्तो उहाँले प्रतिज्ञा गर्नुभएको थियो,

"जस्तो यो सोदोमको दिनहरुमा भएको थियो, त्यस्तै नै यो हुनेछ।" त्यो कुरा हुनेछ भनि कसरी उहाँले प्रतिज्ञा गर्नुभयो! हेर्नुहोस् सोदोममा के घटना घट्यो। याद गर्नुहोस्, त्यहाँ सोदोमको चिन्ह थियो। तर दूत, मलाकी ४ को, "मानिसहरुको हृदय पुर्खाहरुतर्फ फर्काउनको निम्ति हो, पेन्टिकोष्टल पिताहरु, फर्केर बाइबलमा।" त्यहाँ अर्को बाईबल हुन सक्दैन, अर्को कुनै। यो परमेश्वरको सम्पूर्ण प्रकाश हो।

109 र कसैले भन्छ, "ठिक छ, म *यो* भाग विश्वास गर्छु, मलाई त्यसको बारेमा थाहा छैन।"

110 परमेश्वरको वास्तविक सन्देशवाहकले तपाईलाई सम्पूर्ण कुरामा फर्काएर ल्याउनुहुन्छ! बुझ्नुभयो? ध्यान दिनुहोस्, त्यहि नै पवित्र आत्माले गर्नुहुन्छ, तपाईलाई परमेश्वरको हरेक वचनमा फर्काएर ल्याउदछ।

111 उहाँको अनुग्रह देखाईएको छ, उहाँको इन्साफ त्यसपछि थियो। तिनीहरुले सोचेको हुनुपर्छ कि तिनीहरु आफ्ना महान ठूला संगठित मण्डलीको भवनमा सुरक्षित छौ भनि विश्वास गरेको हुनुपर्छ तिनीहरुसँग त्यहाँ यरिहोमा थियो, तर त्यसले काम नगरेको भनि तिनीहरुले थाहा पाए।

112 त्यहाँ केहि भएको हुनुपर्छ...शायद त्यहाँ कुनै तरिकामा पुगेको हुनुपर्छ, त्यहाँ केहि केटाहरु भित्र गए, र सबै पूर्वनियुक्त भएका बीउलाई सँगै ल्याउनको निम्ति भनियो। र उनी...र उनले आफ्नो घर एउटा मण्डलीको लागि प्रयोग गरिन्, र सन्देशवाहकहरुलाई स्वीकार गरिन्; र त्यसपछि उनको शहरमा सबैजना पाए, जसले विश्वास गर्नेछन्, टोकन अन्तर्गत।

113 त्यो पूरा महान अर्थव्यवस्थामा एउटी महिला! एउटा सानी महिला, उनको बद्नामी सहित, सम्भवतः शहरको हरेक मण्डलीबाट बहिष्कार गरिएकी थिईन्, तर उनले त्यस सन्देशवाहकलाई विश्वास गरिन्। र त्यो संदेशवाहकले टोकन, चिन्ह छोडे, र परमेश्वरले टोकनलाई सम्मान गर्नुभयो। त्यस्तै नै आज पनि छ। केवल याद गर्नुहोस्, जब परमेश्वरको क्रोधको विनाशक आयो, त्यो ठूलो व्यवस्था पतन भयो, टोकनले उनको घरलाई चाहि सुरक्षित राख्यो। यो यस कारणले होइन कि उनी एक असल महिला थिईन्; किनकि उनमा विश्वास थियो र टोकनलाई लागू गरिन्।

114 अब के हुन्छ यदि उनले भनिन्, "हो, तिनीहरु राम्रा मानिस थिए, मैले निश्चित रूपमा तिनीहरुले दिएको सन्देशको आनन्द लिए, तर, इमानदार भएर भन्दा, यो मेरो झ्यालमा तार झुण्ड्याउनु एक खालको मूर्खता जस्तो

सुनिन्छ, म बस यसलाई भित्र तान्छु”? यो पतन हुन्थ्यो होला। यो पटना हुन्थ्यो होला। परमेश्वरले चिन्हलाई मात्र सम्मान गर्नुभयो, जस्तो मिश्रमा जीवनको टोकन थियो।

115 यहोशू एक किसिमको येशू थिए, किनभने *यहोशूको* अर्थ “यहोवा–मुक्तिदाता” हो। उनी एक किसिमले येशूको चित्रण थिए, आफ्नो सन्देशवाकले प्रचार गरेको टोकनको चिन्हमा सच्चा थिए। यहोशू त्यो चिन्हमा साँचो रहे। मिश्रमा, त्यसको मुनि सबै रहेका सबैजना बचाईए। यारिहोमा, सबै यसको मुनि रहेका सबै बचाईए।

116 थूमाको रगत आज टोकनको एउटा चित्रण हो, कि पवित्र आत्मा आजको टोकन हुनुहुन्छ। यसको मुनि रहेका सबै सुरक्षित छन्। सबै जुन यसभन्दा बाहिर छन् तिनीहरु सुरक्षित छैनन्। हिब्रू १३:१० र २० मा, उहाँलाई “अनन्त करार” भनिएको छ। पुरानो करार एउटा कुरा थियो, यो नयाँ हो, यो “अनन्त करार” हो।

117 परमेश्वर, परमेश्वरको रगतले अनुबन्धित प्रतिज्ञाहरु, हामीलाई पाप र शर्मबाट स्वतन्त्र, रबाकि रहेका संसारबाट भिन्न बनाउदछ। तपाईले फरक लुगा लगाउनुपर्दैन; जो कोहिले पनि फरक लुगा लगाउन सक्छन्। तपाई, भित्र, फरक हुनुपर्दछ। जीवन भित्र छ; लुगा लगाएर होइन, पहिरिएर होइन। “परमेश्वरको राज्य मासु र पेय होइन, वा लुगा पहिरिने होइन; तर यो पवित्र आत्मामा, सहनशीलता, भलाई, कोमलता, धैर्यता हो।

118 अब, प्रतिज्ञाहरुले पापबाट स्वतन्त्र बनाउछ, यो देखाउछ कि परमेश्वरले–परमेश्वरले तपाईको पाप चिन्नुभएको छैन। दाऊदले भने, “त्यो मानिस धन्यको हो जसको पाप परमेश्वरले लेख्नुहुन्न।” र परमेश्वरको त्यो टोकनको अगाडि पापको दोष कहिल्यै पनि लगाउनुहुन्न, किनभने टोकन परमेश्वरले पहिले नै यसलाई प्राप्त गर्नुभएको छ भन्ने भुक्तानीको चिन्ह हो। र तपाईले यसको लागि टोकन पाउनुभयो, पहिलो–...तपाईको विश्वासले यो किनेको छ। र उहाँलाई आराधना गर्न र उहाँको प्रतिज्ञाहरु र शक्ति देखाउन, तपाईसँग तपाईको शरीरमा उद्धारको खरिद मूल्य छ।

119 *नयाँ नियमको* अर्थ “नयाँ करार” हो। *रगतको* अर्थ “जीवन” हो। नयाँ नियम पवित्र आत्माको नियम हो, पवित्र आत्माले गवाही दिदै हुनुहुन्छ जुन येशू ख्रीष्ट मरेकाहरुबाट बौरी उठ्नुभयो, येशूले हाम्रो लागि सबै आवश्यकताहरु पूरा गर्नुभयो, र आज जीवित हुनुहुन्छ भनि देखाउनुभयो।

टोकनले प्रमाणित गर्दछ कि उहाँ आफैलाई हामीसँग पहिचान गराउनको लागि जीवित हुनुहुन्छ, उहाँको प्रतिज्ञा बमोजिम। अब कसरी एउटा मानिसले बाईबल पढेर उहाँले यो प्रतिज्ञा गर्नुभयो भनि देख्न सक्दछ, र यी अन्तिम दिनहरुमा पवित्र आत्माको रूपमा ख्रीष्ट फर्कनुभएको छ र आफैलाई जीवित पहिचान गराउनुभएको देख्दछ? त्यो टोकन हो। त्यो चिन्ह हो। त्यो भुक्तान गरिएको मूल्य हो।

120 केहि संवेदनामा कहिल्यै भर नपर्नुहोस्। "मैले मेरो ढाँडमा चिसोपन आएको महसूस गरे। र—र म—मैले केहि कुरा पगाले; मेरो हातमा केहि रगत देखे," या केहि तेल। वा—वा, "मैले मेरो स्नातकको डिग्री जिते।" वा, "म आत्मामा नाचे। म कराए। मैले अन्यभाषाहरुमा बोलेको थिए।" ती कुराहरु ठिकै हुनसक्छ। मसँग उनीहरु विरुद्ध केहि पनि छैन, तर म त्यसको बारेमा बोलिरहेको छैन।

121 म टोकनको पहिचानको बारेमा बोलिरहेको छु, येशू ख्रीष्ट, उठ्नुभयो र अहिले हामी भित्र हुनुहुन्छ, आफैलाई पहिचान गराउदै हुनुहुन्छ, यस दिनको उहाँको प्रतिज्ञा गरिएको वचनलाई पुनः प्रमाणित गर्न। आमेन। तब तपाई र ख्रीष्ट एक हुनुहुन्छ। परमेश्वर र ख्रीष्ट एक हुनुहुन्छ। "त्यस दिन, तिमीहरुले थाहा पाउनेछौ कि म पितामा छु, पिता ममा हुनुहुन्छ; म तिमीमा, र तिमी ममा।" त्यहाँ परमेश्वर मानव शरीरमा प्रकट हुनुभयो, आफैलाई जीवित देखाउदै, दुई हजार वर्ष पछाडि। त्यो टोकन हो।

122 यदि तपाई भित्र हुनुहुन्न भने, चाडो भित्र पस्नुहोस्, मित्रहरु। यो सदाको लागि धेरै ढिलो हुनसक्छ। हामीलाई थाहा छैन।

123 उहाँको उपस्थिति, नयाँ करार, रगत देखाउनुहोस्। र यो अहिले जीवित छ, प्रमाणित गर्दैछ। र किनभने उहाँ हुनुहुन्छ, हाम्रो लागि उहाँले खरिद गर्नुभएको सबै कुराको लागि हामीसँग अधिकार छ। एउटा पुरुष जसले पवित्र आत्माको बप्तिष्मा पाएको छ, वा एउटा महिला जसले पवित्र आत्माको बप्तिष्मा पाएको छ, उसँग हाम्रो लागि येशू ख्रीष्टले खरिद गर्नुभएको सबैकुरा माथि एउटा अधिकार छ, किनकि त्यहि नै हामीसँग भएको चिन्ह हो। त्यो खरिद शक्ति हो।

124 उदाहरणको लागि भनौ तपाईले भन्नुहुन्छ, "ठिक छ, भाई ब्रन्हाम, तपाईको अर्थ के हो?"

125 यहाँ, यसलाई अहिले स्पष्ट पार्नुहोस्, र तपाई बिरामी मानिसहरुले यो

बुझ्नुभएको म चाहन्छु। हेर्नुहोस्, यदि म मर्ने गरी भोकै छु, र मलाई एउटा रोटि थाहा छ, भनौ, पच्चीस पैसा मूल्य पर्छ, र सँगै एउटा भाई आउछ र भन्छ, "यहाँ पच्चीस पैसा, भाई ब्रन्हाम। तपाई भोकै हुनुहुन्छ; यो पच्चीस पैसा लिनुहोस्।" अब, तपाईलाई थाहा छ, म पच्चीस पैसा हातमा लिदा उत्तिकै खुसी हुन्छ जत्तिको मेरो हातमा रोटि हुदा हुन्छु, किनभने मैले खरिद मूल्य पाएको छु। मसँग रोटि चिन्ह छ। र ठिक त्यहाँ रोटि छ; र एउटै मात्र कुरा, म टोकन बोक्दैछु, त्यो पच्चीस पैसा जसले रोटि किन्छ, म टोकनसँग उत्तिकै खुसी हुनसक्छु जत्तिको मसँग रोटि हुदा खुसी हुनसक्छु।

126 अब, यदि तपाई पवित्र आत्माको बप्तिष्मा पाउनुभएको छ, त्यो तपाईसँग सबै उद्धारका कुराहरु छन् जसको लागि ख्रीष्ट मर्नुभयो भन्ने कुराको टोकन हो, जुन तपाईको हो, यो तपाईको हातमा छ। के तपाई यो दावी गर्न डराउदै हुनुहुन्छ?

127 यदि मैले यो मेरो खल्तीमा राख्छु, र भन्छु, "ठिक छ, मलाई थाहा छैन मैले त्यो रोटि किन्न सक्छु या सक्दिन," म भोकै मर्नेछु। तर याद गर्नुहोस्, व्यापारीले भन्छ, "मेरो एउटा माग छ, श्रीमान ब्रन्हाम। एक पच्चीस सेन्ट, तपाईसँग एक पाव रोटि हुनसक्छ।" मैले बुझे! आमेन। त्यसले मिलाउछ।

128 त्यहि नै कारणले आज हामीले यति धेरै कुराहरु भएको देख्दैनौ, टोकन प्रदर्शित गरिएको छैन, वास्तविक टोकन। ओ, हामीसँग सबै खालका झुटा कुराहरु छन्, तर मेरो मतलब वास्तविक टोकन हो।

129 हेर्नुहोस्, जब हामीले बुझ्छौ र टोकन प्रस्तुत गर्छौ, टोकनको लागि यसले लिएको जीवन, रगतले हाम्रो लागि बोल्दछ। याद गर्नुहोस्, करारको रगत टोकनसँग पहिचान गरिएको थियो, र वचनले हामीलाई प्रतिज्ञाको निश्चितता दिन्छ। टोकन हाम्रो लागि खरिद गरिएको हो भनि चिन्ह हो।

130 अब, यदि तपाई त्यसमा सम्मिलित हुनुहुन्न भने, साचै, निश्चय नै, तपाईले कहिल्यै केहि पनि पाउनुहुनेछैन; तपाई केवल प्रार्थनाको पंक्तिबाट भएर हिड्दै हुनुहुन्छ, पछाडि बाहिर हिड्दै; माथि वेदीसम्म हिड्दै, र माथि हेर्दै, पछाडि बाहिर हिड्दै।

131 तर, ओ, भाई, जब त्यो टोकन एक पटक तपाई—तपाई—तपाईको हृदयमा राखिन्छ, र तपाईलाई थाहा छ यो तपाईमा येशू ख्रीष्टको पुनरुत्थान हो, केहि कुरा भईरहेको छ। त्यहाँ केहि पनि कुरा छैन जसले तपाईलाई फर्काउछ। तपाई कहाँको हुनुहुन्छ भन्ने तपाईलाई थाहा छ। परमेश्वरको

सम्पूर्ण वचनको पूर्ण आज्ञाकारिताले तपाईलाई टोकनको हकदार बनाउछ, अरु केहि होइन। "त्यो धन्यको हो जसले उहाको सबै आज्ञाहरु पालन गर्छ, त्यससँग जीवनको रूखको हक हुनसकोस्।"

132 त्यसपछि, जब हामी प्रार्थना गर्छौं, हामीसँग हाम्रा प्रार्थनाहरुसँग प्रस्तुत गर्नको लागि टोकन हुनुपर्दछ। अब त्यो पाउन असफल नहुनुहोस्। जब तपाई प्रार्थना गर्नुहुन्छ, तपाईसँग तपाईको प्रार्थनामा थाम्नको लागि टोकन हुनुपर्दछ। यदि तपाईसँग छैन भने, टोकन नआउन्जेलसम्म प्रार्थना गरिराख्नुहोस्, किनभने तपाईले यो प्राप्त गर्नको लागि प्रतिज्ञा गरिनुभएको छैन। हेर्नुहोस्, पहिला तपाईसँग यो टोकन हुनुपर्दछ; त्यो भुक्तानी गर्ने मूल्य हो, यो विश्वास गर्नको लागि तपाईको आस्था हो।

133 अब, पूर्ण आज्ञाकारिताको चिन्ह। डर हटेको छ। पावलले हामीलाई भन्छन्, "रगतले राम्रा कुराहरु बोल्दछ।"

तपाई भन्नुहुन्छ, "रगतले बोल्छ?" हो, रगतले बोल्छ।

134 उत्पत्ति ४:१० मा, हामीले पाउँछौ कि परमेश्वरले त्यो—कि कयिनको...या, "हाबिलको रगतले पृथ्वीबाट बोल्यो।" हामीले हिब्रू १२ मा पाउँछौ, कि, "ख्रीष्टको करारको रगतले हाबिलको भन्दा राम्रो कुरा बोल्दछ।" बुझ्नुभयो? हामीले पाउछौ, रगतले बोल्दछ, यसले तपाईको पक्षमा बोल्दछ। तपाई भित्र भएको जीवनले बगाईएको रगतबाट बोल्दछ। आमेन। ओ, भाई! म चाहन्छु सबैले यो देख्न सकून्। बुझ्नुभयो? यो के हो भनि यदि तपाईले देख्न सक्नुहुन्छ भने, यो तपाई भित्र भएको जीवन हो। हेर्नुहोस्, त्यस रगतले तपाईलाई आफैसँग पहिचान गराउदैछ। यो टोकन हो। एक...यो के हो, रगत तपाईको निम्ति बगाईयो; तपाईले स्वीकार गर्नुभयो, र जीवन तपाईमा आएको छ। तपाईसँग टोकन छ, त्यो पवित्र आत्मा हो।

135 त्यसपछि जब हामी प्रार्थना गर्छौं, हामीसँग प्रार्थनामा प्रस्तुत गर्नको लागि टोकन हुनुपर्दछ, जसरी मैले भनेको थिए, र अब हामी आफैमा विश्वास गर्छौं र पुरा परिवारमा टोकन लागू गर्छौं, जस्तो मिश्र, यरिहो, वा या त प्रेरित १६:३१ मा। हामीले पाउदछौ कि पावलले रोमी कप्तानलाई भनेका थिए, यसो भने "तपाई विश्वास गर्नुहोस्, र सबै तपाईको घरको उद्धार हुनेछ।" यसलाई तपाईको परिवारमा लागू गर्नुहोस्। यदि तपाईको मुक्ति नपाएको बच्चा छ भने, टोकन ठिक उनको माथि राख्नुहोस्, भन्नुहोस्, "परमप्रभु

परमेश्वर, म उनलाई दावी गर्छु।" ठिक त्यहाँ बस्नुहोस्। यदि तपाईसँग एउटा आमा हुनुहुन्छ वा प्रिय एक जना जो बाँच्नुभएको छैन, त्यो टोकन उहाँहरुमा लगाउनुहोस्, भन्नुहोस्, "परमप्रभु परमेश्वर, म यो दावी गर्छु।"

136 बाहिर निस्कनुहोस्, संसारका सबै फोहोरहरुमा, तपाईको घरबाट, यसको लागि तयार हुनुहोस्। आफ्नो छोटो कपडा जलाउनुहोस्। तपाईको तासहरु टाढा फाल्नुहोस्। तपाईको चुरोटबाट छुटकारा पाउनुहोस्। तपाईको अविश्वास र तपाईको मण्डलीका कागजपत्रहरु फोहोरको भाँडामा फालिदिनुहोस्, जहाँ तिनीहरु सम्बन्धित छन्। आमेन। त्यसपछि तपाई तयार हुदै हुनुहुन्छ। त्यसपछि के गर्ने? त्यसपछि प्रार्थनामा टोकन लागू गर्नुहोस्, सच्चा प्रमाण सहित, वास्तविक विश्वाससँगै। यसलाई लागू गर्नुहोस्, यसलाई आत्मविश्वासका साथ लागू गर्नुहोस्। जब तपाईले टोकन लागू गर्नुहोस्, तपाई शुद्ध पारिनुभएको छ भनि जान्नुहोस्। "यदि हाम्रो हृदयले हामीलाई दोषी ठहर गर्दैन भने, हामीसँग हाम्रो अनुरोध छ।"

137 जबसम्म तपाई मानिसहरुले ती कुराहरु गर्दै हुनुहुन्छ जुन गलत छन्, तपाई गलत हुनुहुन्छ भन्ने थाहा हुँदाहुँदै कसरी तपाईले परमेश्वरलाई तपाईको लागि केहि गरिदिनुहोस् भनि माग्नुहुन्छ? त्यहि नै कारणले हामी केवल डगमगाउँछौ र पछाडि फर्कन्छौ। मैले यो चोट पुर्याउनको लागि भनेको होइन। म यो सिधा पार्नको लागि भन्दैछु, कुराहरु सहि गराउनको लागि। कसरी तपाईले यसलाई सदोम र गमोराको जडमा निर्माण गर्न जाँदै हुनुहुन्छ? फर्केर आउनुहोस्!

138 संस्थाहरु र सेवकहरुले मानिसहरुलाई जे पनि गर्न दिईरहेका छन्, जान दिईरहेका छन्, र केवल तिनीहरुको नाम एउटा पुस्तकमा राख्छन् र तिनीहरुलाई *यो, त्यो*, र *अर्को* भनि बोलाउछन्, जब कि त्यो एउटा अपमान हो। र यो यति छ कि विश्वास यस्तो चिज हो जुन...यो के हो सम्म भन्ने कुरा विरलै मात्रै थाहा छ। तिनीहरु, तिनीहरुसँग एउटा आशा छ, तर विश्वास छैन।

139 तपाई फर्केर जानुपर्छ, त्यसमा, जहाँ सबैकुरा ठिक र सफा छ। त्यसपछि तपाईको टोकन लिनुहोस्, कि तपाई जान्नुहुन्छ कि यो तपाईमा येशू ख्रीष्ट हुनुहुन्छ, त्यसपछि यसलाई लागू गर्नुहोस्। यदि केहि कुरा हुदैन भने, त्यहाँ केहि कुरा गलत छ; फेरी फर्केर जानुहोस्, तपाईको हातमा गलत कुरा छ। उहाँले यो प्रतिज्ञा गर्नुभयो। उहाँ नै हुनुहुन्छ जसले यो प्रतिज्ञा

गर्नुभयो। यसलाई लागू गर्नुहोस्। एफिसी २:१२ पढ्नुहोस्, कहिलेकाहि, यदि तपाई—यदि तपाई चाहनुहुन्छ भने, र तपाईले त्यहाँ पाउनुहुनेछ।

140 हिब्रू ९:११ मा, पनि ध्यान दिनुहोस्। पावलले भनेका थिए, "जीवित परमेश्वरलाई, जीवित बोलिले सेवा गर्छौं।" एउटा हिब्रूले जस्तै म गैर गर्नेछु भनेको होइन, उसको बलिदान लियो, र तल सडकमा आयो, एउटा ठूलो मोटो गोरु लिएर, र उसको हात त्यसमाथि राख्यो अनि आफैलाई पहिचान गरायो, र रगत बगायो, धार्मिक भएर फर्कियो। यहोवालाई यो चाहियो। उहाँले यो गर्नुभयो। त्यसपछि अर्को पुस्ता, शायद तिनीहरु अलिकति चिसो भए; कोहि, अलिकति चिसो भए। पहिलो कुरा जुन तपाईलाई थाहा छ, यो एउटा पारिवारिक परम्परा भएको छ।

141 त्यहि नै पेन्टिकोष्ट हाम्रो लागि, एउटा पारिवारिक परम्परा भएको छ। हामी तल झर्छौं, भन्छौ, "के त्यो टेलिभिजन कार्यक्रम आज राति राम्रो थिएन त? आश्चर्य छ कि तिनीहरुले मण्डलीमा के गरे? प्रभु येशू, चंगाई गर्नुहोस्..." ओ, दया! देख्नुभयो? यो एउटा पारिवारिक परम्परा... "तपाईलाई थाहा छ, मैले अन्य भाषामा अर्को दिन बोले। म *यसको* हुँ, वा *त्यसको*, तपाईलाई थाहा छ। अँ–ह।" ओ, यो एउटा पारिवारिक परम्परा हो!

142 तपाईलाई थाहा छ परमेश्वरले के भन्नुभयो? परमेश्वरले भन्नुभयो, "तिमीहरुको बोसो र भेडा मेरो नाकमा दुर्गन्धित छ। त्यो सहि हो, तिमीहरुको बलिदान दुर्गन्धित भएको छ।"

143 र त्यसरी नै पेन्टिकोष्टल बलिदानहरु भएको छ, र सबै हाम्रा संगठित मण्डलीहरु छुट्टिन्छन् र अघि बढ्छन्, र हाम्रा महिला र पुरुषहरु तिनीहरुले गरेका जस्तै गरिरहेका छन्, भक्तिको भेष लगाउने; संगीत माथि काम गर्छ, र कोहि केहि बेर माथि–र–तल उफ्रन्छ; र यो सबै सकिएको छ, एउटा बाल्टिनको पानी यसमा फालेको जस्तै, यदि परमेश्वरको वचन आएर केहि भन्नुहुन्छ भने। के भएको छ? तपाईको बलिदान यहोवाको लागि गन्हाउने दुर्गन्ध भएको छ।

144 र त्यो समयमा यशैया दृश्यमा आए, र तिनीहरुलाई भने, "म तिमीहरुलाई अनन्त चिन्ह दिदछु, एउटा कन्याले गर्भधारण गर्नेछिन्।" हेर्नुहोस्, त्यहाँ तपाई हुनुहुन्छ। तपाई मरेको रुप र पन्थ होइन, होइन; तर एउटा जीवित वचन, एउटा जीवित परमेश्वर जो मरेकाहरुबाट उठ्नुभयो, र

हामी माझ जीवित हुनुहुन्छ।

145 ती मध्ये केहि, ती मण्डलीहरु, जसले यी कुराहरु विश्वास गर्छन्, तिनीहरुले त्यहाँ टोकन भन्ने कुरा छ भनि विश्वास गर्दैनन्। ठिक छ, एउटा मित्रले तिनीहरुलाई भन्ने कोशिष गरे, “केवल बाह्रजना प्रेरितहरुले पवित्र आत्मा प्राप्त गरे। त्यहि नै हो। हो।” ओ!

146 तर हामी जसले वचनलाई विश्वास गर्छौं, फरक जान्दछौ, हामी जान्दछौ कि यो जीवित उपस्थिति हो। किनकि यो ख्रीष्टको जीवित उपस्थिति हो भनि हामी कसरी जान्दछौ, त्यो आत्मा जुन हाम्रो माझमा छ? उहाँले गर्नुभएको उही काम आज गर्नुहुन्छ। त्यो यसको प्रमाण हो। दाख यसले फलाउने फलबाट चिनिन्छ। र त्यसपछि यदि त्यो पहिलो दाख माथि आयो र तिनीहरुले यसको पछाडि प्रेरितको पुस्तक लेखे, र त्यहि कुरा जुन येशूले गर्नुभयो, प्रेरितहरुले पनि गरे; त्यसपछि जब त्यो दाखको बोट फेरी आउछ, त्यसले त्यहि नै गर्छ। हेर्नुहोस्, हिब्रू १३:८ ले भन्छ कि उहाँ उही हुनुहुन्छ, ओ, प्रभु, यसले प्रमाणित गर्छ कि परमेश्वरले उहाँलाई हाम्रो निम्ति उठाउनुभयो, उहाँको प्रतिज्ञा गरिएको वचन अनुसार। [टेपमा रिक्त स्थान—सम्पा।]

147 प्रतिज्ञाको छाप! एफिसी ४:३० ले भन्छ, “परमेश्वरको पवित्र आत्मालाई दुखित नबनाओ, जसद्वारा तिमीहरुको उद्धारको दिनसम्म तिमीहरु छाप लगाईएका छौ।” अर्को जागृतिसम्मलाई होइन। “तपाईको उद्धारको दिनसम्म!” पहिलो कोरिन्थी १२ अनुसार, त्यसमा बप्तिष्मा लिईएको छ। र उहाँमा पूर्णता छ, र उहाँमा कुनै पनि पाप थिएन। “परमेश्वरबाट जन्मेकोले पाप गर्दैन। परमेश्वरको बीउ उसमा रहन्छ, र त्यसले पाप गर्न सक्दैन।” कसरी उसले सक्छ, जबकि टोकन त्यहाँ छ? टोकन नै उनी स्वीकृत भएको छ भन्ने चिन्ह हो।

148 र, ठिक छ, तपाईले भन्नुहुन्छ, “मैले पाप गरे।” ठिक छ, त्यसपछि तपाईसँग कहिल्यै पनि टोकन थिएन। बुझ्नुभयो?

149 टोकन बाधा हो, मूल्य तिरिएको देखाउछ। यदि शैतानले तपाईलाई दिन खोज्छ भने...यसको बारेमा सोच्नुहोस्। यदि शैतानले तपाईलाई केहि प्रकारको रोग दिन खोज्छ, वा तपाईलाई केहि कुरा थमाउन खोज्छ, के गर्ने भनि तपाईलाई थाहा छ? त्यसलाई तपाईको टोकन देखाउनुहोस्। निश्चय नै, रोगले इसाईलाई प्रहार गर्छ। त्यसलाई तपाईको टोकन देखाउनुहोस्,

र त्यसलाई तपाई परेमेश्वरको एउटा खरिद गरिएको उत्पादन हुनुहुन्छ भनि प्रमाणित गर्नुहोस्। "शैतानको विरोध गर, र ऊ तिमीबाट पर भाग्नेछ।" उहाँको प्रतिज्ञा गरिएको तपाईको अटल विश्वासमा टोकनलाई थाम्नुहोस्।

150 परमेश्वरले एकपटक इन्द्रेणीको चिन्ह एउटा तकनको लागि दिनुभयो। म बन्द गर्दैछु। टोकनको लागि इन्द्रेणीको चिन्ह दिनुभयो। मसँग अब दस मिनेट मात्रै बाकि छ, र त्यसपछि प्रार्थनाको पक्ति गर्नेछौ। उहाँ सधै त्यस टोकनमा सच्चा हुनुभयो। के उहाँ हुनुभयो? [मण्डलीले भन्छ, "आमेन।"—सम्पा।] उहाँले अझै गर्नुहुन्छ। र यी हजारौ वर्षसम्म, उहाँले एक पटक पनि कहिल्यै, एक पटक पनि, यसलाई देखाउन असफल हुनुभएको छैन। उहाँ त्यो टोकनमा साँचो हुनुहुन्थ्यो, उहाँले हामीलाई देखाउनुहुन्छ...र उहाँको टोकनको कदर गर्न कहिल्यै पनि चुक्नुहुनेछैन। मलाई वास्ता छैन यदि यो...

151 यदि येशू दस हजार वर्षसम्म आउनुहुदैन भने पनि, तपाईसँग टोकन छ, उहाँले अझै पनि यसलाई कदर गर्नुपर्दछ। चाहे जतिसुकै कुराहरु परिवर्तन किन नहोस्, र जे केहि पनि भयो, उहाँले त्यो टोकन कदर गर्नुपर्दछ। उहाँले गर्नुहुनेछ भनि उहाँले भन्नुभएको छ। ठिक छ। उहाँले अब हामीले परमेश्वरले दिनुभएको विश्वासमा, उहाँको टोकनलाई प्रदर्शन गरेको अपेक्षा गर्नुहुन्छ, देश र संसारमा भएका हरेक अविश्वासी पन्थमा, जसले चिन्हहरु र आश्चर्य कामहरु विश्वासीहरुमा हुदैन भनि विश्वास गर्छन्। र यो टोकनमा सच्चा हुनुहोस्, र यसले भाडा तिरिएको छ र हामी स्वीकार गरिएका छौ भनि देखाउछ पुनरुत्थानको लागि, हामी भित्र टोकनको जीवन सहित।

152 त्यो काट्ने सन्देश हो, तर यो सत्य हो। त्यो नै हामीलाई चाहिन्छ, सत्य। सत्य जान्नको निम्ति परमेश्वरले हामीलाई सहायता गर्नुभएको होस्। "तिमीले सत्य थाहा पाउनेछौ, र सत्यले तिमीलाई स्वतन्त्र बनाउनेछ।" म त्यो दावी गर्छु कि येशू ख्रीष्ट हिजो, आज, र सधैभरि एक समान हुनुहुन्छ। म विश्वास गर्छु कि परमेश्वरले पवित्र आत्मालाई एउटा टोकनको रुपमा दिनुहुन्छ, ठिक अहिले, प्रस्थानभन्दा ठिक अगाडि, दुलही—मण्डलीबाट बाहिर जादैछिन्।

153 म विश्वास गर्छु कि त्यहाँ यति धेरै टम्मीरोट छ, र मानिसहरुले तिनीहरु कराउछन्,अन्यभाषामा बोल्छन् भनि भन्दछन्। म ती कुराहरुमा विश्वास गर्छु; तर तपाई त्यसमा भर पर्नसक्नुहुन्न। कसरी तपाई त्यसमा भर पर्नुहुन्छ,

अनि वचन चाहि इन्कार गर्नुहुन्छ? बुझ्नुभयो?

154 टोकन भनेको वचन तपाईमा पहिचान हुनु हो, यो आफै जिईरहेको हो। त्यो परमेश्वर आफ्नै व्याख्याकर्ता हुनुभएको हो। तपाईले यो भन्नु पर्दैन, "ठिक छ, अब, तपाईले मेरो अन्यभाषाको व्याख्या गर्नुहुन्छ।" त्यो यो होइन। उहाँले तपाईको जीवनलाई वचनद्वारा व्याख्या गर्नुहुन्छ। जब उहाँले तपाईको वचन लिनुहुन्छ, जो तपाई हुनुहुन्छ, र त्यसद्वारा उहाँको वचन व्याख्या गर्नुहुन्छ, त्यहाँ कुनै व्याख्या आवश्यक छैन, यो पहिले देखि नै त्यहाँ छ। परमेश्वरले आफ्नो व्याख्या आफै गर्नुहुन्छ, र हामीसँग यी प्रतिज्ञाहरु त्यस दिनको लागि छ।

155 ओ, डल्लास, तपाई प्रिय इसाईका झुण्डहरु, यी कुराहरुबाट आज नबहकिनुहोस्, जुन तपाईले चारैतिर भईरहेको देख्नुहुन्छ, किनभने यो नष्ट हुन जानेछ। त्यो टोकन सधै प्रयोग गर्नुहोस्, त्यो टोकन प्रदर्शन गर्नुहोस्। बाईबल पढ्नुहोस्। सबै कुरामा आउनुहोस्। र यदि तपाई भित्रको आत्माले त्यसमा "आमेन" भन्दैन भने, त्यसो हो भने तपाई फर्केर जानु बेस हुन्छ, तपाईले पाएको कुरा परिवर्तन गर्नुहोस्, टोकनको लागि; तपाईले यो पाउनुभएको छैन।

156 मलाई थाहा छ एक दिनमा भन्नको लागि त्यो धेरै कुराहरु हुन्। र यो ठिक अहिले चार–तिस भएको छ। अब यो समय भएको छ, र यदि हामी पाँच बजेसम्ममा प्रार्थनाको पंक्ति सहित बाहिर निस्किन पर्छ।

157 के तपाई विश्वास गर्नुहुन्छ कि येशू ख्रीष्ट आज जिउनुहुन्छ र शासन गर्नुहुन्छ? [मण्डलीले भन्छ, "आमेन।"—सम्पा।] मैले भनेको कुरा सत्य हो भनि के तपाई विश्वास गर्नुहुन्छ? ["आमेन।"] यो चिन्ह हो, आवश्यकता हो। म मात्रै त्यो बोल्न सक्छु जुन सत्य हो। मैले जे देख्छु, जे सुन्छु, जे मलाई प्रकाश गरिएको छ, त्यो मात्रै बोल्छु। र किन म यो भन्छु, दसौ हजारौ हजार पटक, यो सत्य हुन एक पटक असफल भएको छैन, अब त्यो परमेश्वर हुनुपर्छ। त्यो परमेश्वर हुनुपर्छ। ठिक छ, के परमेश्वरले त्यो मानिसलाई एउटा सेवकाई दिनुहुन्छ जसलाई थाहा छैन उसले के बोलिरहेको छ? ["होइन।"] के उहाँले आफैलाई त्यहाँ त्यो द्रष्टाको रूपमा चिनाउनुहुन्छ, र पछाडि फर्केर उहाँलाई मिश्रित वचन दिनुहुन्छ? ["होइन।"] मानिस जसले यो इन्कार गर्छ, उ नै हो जो गडबडीमा छ। र परमेश्वर गडबडीमा हुनुहुन्न। परमेश्वर उहाँको आफ्नै अनुवादक हुनुहुन्छ।

158 टोकन प्राप्त गर्नुहोस्! कुनै पनि मण्डलीमा वा कुनै फारममा, वा कुनै पनि कुरामा सामेल हुने कुरामा नरहनुहोस्। टोकन लिनुहोस्! यसलाई समाउनुहोस्। यो मात्रै एउटा कुरा हो जुन परमेश्वरले चिन्नुहुनेछ। जब तपाई त्यो घडीमा आउनुहुन्छ, जब तपाईको मृत्युको समय आउँछ, तपाईले त्यो टोकन आफैमा समात्नु बेस हुन्छ; यो जानेर कि उहाँको आगमनको दिनमा, त्यो पुनरुत्थान, म त्यो टोकन प्रस्तुत गर्न सक्छु। यो यस शरीरमा हुनेछैन, यो सडेको छ; तर यो आत्मामा, जो मर्न सक्दैन, यो अनन्त जीवन हो, टोकन त्यहाँ रहन्छ। र उहाँले प्रतिज्ञा गर्नुभयो, "म उसलाई फेरी अन्तिम दिनमा उठाउनेछु।"

159 उही येशू ख्रीष्ट यहाँ हुनुहुन्छ। उहाँ संदेशवाहक हुनुहुन्छ। उहाँ... *यहाँ* सन्देश छ, र उहाँ सन्देशको पहिचान गर्नको लागि यहाँ संदेशवाहक हुनुहुन्छ। म संदेशवाहक होइन। उहाँ संदेशवाहक हुनुहुन्छ, र *यो* सन्देश हो। र यदि तपाईसँग त्यो आत्मा छ जुन *त्यो* सँग असहमत छ भने, त्यो कसरी सन्देशको संदेशवाहक हुनसक्छ? मात्र टोकनले यसलाई पहिचान गर्नेछ। आमेन।

160 म धार्मिक महसूस गर्दैछु। म साच्चै गर्दैछु। म ठिक अहिले पर उड्नसक्छु भैँ महसूस गर्दैछु, किनकि म जान्दछु कि मैले कसलाई विश्वास गरेको छु, र उहाँको पुनरुत्थानमा मैले मेरो जीवन उहाँसँग पहिचान गरेको देखेको छु। उहाँको उपस्थिति यहाँ छ। यसलाई स्वीकार गर्नुहोस्, मित्रहरु, कृपया गर्नुहोस्, तल तपाईको हृदयमा।

161 मलाई थाहा छ हामी सबै वेदीको वरपर आउछौ र प्रार्थना गर्छौ। त्यो पुरानो मेथोडिष्टको विचार हो। तिनीहरुले कहिल्यै पनि बाईबलमा त्यसो गरेका छैनन्। बाईबलले भन्छ, "जतिले विश्वास गरे तिनीहरुले बप्तिष्मा लिए।" त्यो सहि हो। बाईबलमा वेदीको बोलावट भन्ने जस्तो कुनै पनि कुरा छैन। त्यो केहि कुरा हो जुन हामीले थपेका छौ, जुन ठिकै छ। परमेश्वरले आशिष दिनुभएको कुनै पनि कुरा, त्यो ठिक छ।

162 जसरी तिनीहरुले कपडालाई अभिषेक गर्छन्। त्यहाँ बाईबलमा कहिल्यै पनि त्यस्तो कुरा थिएन। "तिनीहरुले पावलको शरीरबाट रूमाल र एप्रोन निकाले।"

163 तर जुनै पनि तरिकामा तपाईले गर्न चाहनुहुन्छ, यो ठिकै छ, तपाईको आसनमा, वेदीमा, जहाँकहिँ पनि यो होस्। एक मात्रै कुरा, त्यो लागू

गर्नुहोस्, तपाईमा एउटा टोकन। त्यसपछि आफैलाई हेर्नुहोस्, हेर्नुहोस् कस्तो खालको जीवन के हुँदैछ, कतै यो लागू गरिएको छ या छैन भनि हेर्नुहोस्। यदि यो लागू गरिएको छैन भने, तपाईसँग भएको कुरा, एकतर्फ राख्नुहोस्, र फर्केर आउनुहोस्, जबसम्म त्यो टोकन तपाईमा लगाईदैन।

164 आउनुहोस् प्रार्थना गरौ। स्वर्गीय पिता, शायद म—म—मैले हतारमा बोलेको थिए, तर, प्रभु, जबसम्म तपाईले काँटीलाई थाम्नुहुन्न त्यो कसरी टिक्न सक्छ? म प्रार्थना गर्दछु, पिता, कि यो मानिसहरुको हृदयमा राखिएको होस्, कि तिनीहरुले देख्नेछन् कि यो कुनै चिल्लो कुरा होइन। यो होइन कि मैले कुनै संस्था, सम्प्रदायलाई पहिचान गर्ने कोशिष गर्दैछु, कुनै पंथ, कुनै व्यक्ति, वा म, वा अरु कोहि। यो येशू ख्रीष्ट हुनुहुन्छ। “म ती सबै संस्थाहरुलाई संगै फाल्नेछु,” तिनीहरु एक मध्ये छ र आधा दर्जन अर्को छ, तपाईको वचन अनुसार। “वेश्या पुरानी आमा,” प्रकाश १७ मा बाईबलमा छ, “हरेक वेश्याकि आमा थिईन्।” र तिनीहरु मानिस हुन सकेनन्। तिनीहरु वेश्याहरु थिए, तिनीहरु सबै संसारिकपनको ओछ्यानमा गए। र हामीले यो गरेको देख्छौ, पेन्टिकोष्टल र सबैले।

165 तर, येशू, तपाई अझै पनि येशू नै हुनुहुन्छ। तिनीहरुले एक मण्डलीको एउटा सन्देश नसुनोस्; तर ख्रीष्टको सन्देश, वचन सुन्नुपर्दछ। तपाईले आफैलाई विश्वासीहरुसँग पहिचान गराउनुहोस्, प्रभु, आज। सबै बिरामीलाई निको पार्नुहोस्। हाम्रा पापहरु क्षमा दिनुहोस्, प्रभु। म—म प्रार्थना गर्दछु, तपाईको एउटा दासको रूपमा, कृपया मेरा पापहरु क्षमा गरिदिनुहोस्, र यी मानिसहरुका पापहरु क्षमा गर्नुहोस्। म भरोसा गर्छु, प्रभु। भवनको—लागि भुक्तानी गर्न, हरेकलले सहायता गरेका छन् भन्ने कुरामा कुनै संका छैन, र उनीहरुले आफ्ना पैसाहरु खर्च गरेका छन्, र तिनीहरु—तिनीहरु—तिनीहरुले सबै काम गरेका छन्, प्रभु। ओ परमेश्वर, म प्रार्थना गर्छु कि यो छुट्टाउने त्यहाँ एक जना पनि हुनेछैनन्, प्रभु। सबैजना हुनकोस्!

166 म—म त्यो इमानदारीताका साथ गर्छु, र अझै पनि, प्रभु, तपाई कठोर हुनुपर्दछ। हामी जान्दछौ, सच्याउनु नै प्रेम हो। प्रेम सुधारात्मक हुन्छ। र म प्रार्थना गर्छु। त्यहि नै कारण हो कि तपाईले आफ्ना मानिसहरुलाई सच्याउनुभयो, किनकि तपाईले तिनीहरुलाई प्रेम गर्नुभयो, र हरेक पापको जवाफ दिईनुपर्छ।

167 र, पिता, म प्रार्थना गर्दछु कि तपाईले अहिले हाम्रा पापहरु क्षमा गर्नुहुनेछ, जसै हामीले ती स्वीकार गर्दछौ। हामीले धेरै टाढासम्म सोचेका छौ, प्रभु। म यी पेन्टिकोष्टल मानिसहरुसँग पहिचान भएको छु, प्रभु। म—म उनीहरु मध्ये एक हुँ। र म—म प्रार्थना गर्छु, कि तपाईले हामीलाई क्षमा दिनुहुनेछ। र यी मध्ये केहि अगुवाहरुलाई लिनुहोस् र तिनीहरुलाई घुमाउनुहोस्, र—र एक पटक तिनीहरुलाई कलवरी तर्फ हेर्न दिनुहोस्, र तिनीहरु को हुनुपर्छ भनि तिनीहरुले भुल्नेछन्, एक प्रेसबिटर वा एक बिशप, वा जे केहि पनि यो हुनसक्छ, र जान्दछ कि हामीहरु यस राज्यमा कोहि ठूला छैनौ। हामीहरु सबैजना परमेश्वरका छोराछोरीहरु हौ। म प्रार्थना गर्छु कि तपाईले हामीलाई अब सहायता गर्नुहुनेछ। आज हामी माझ आफैलाई पहिचान गराउनुहोस्। हामी येशू ख्रीष्टको नाउँमा माग्दछौ। आमेन।

168 अब हामीले ठिक प्रार्थनाको पंक्ति शूरू गर्नुभन्दा अगाडि, यहाँ कोहि हुनुहुन्छ होला जो यहाँ पहिले कहिल्यै आउनुभएको थिएन। मलाई थाहा छैन तपाई को हुनुहुन्छ, तर परमेश्वरले तपाईलाई चिन्नुहुन्छ। यदि मैले सत्य भनेको छु भने, परमेश्वरले यसलाई पहिचान गर्नुभएको होस्, चाहे यो सत्य हो या होइन भनि, त्यो नै यसको प्रमाण हो। यदि उहाँ मरेकाहरु बाटा जीवित उठ्नुभएको छ भने, उहाँ हिजो, आज, र सधैभरि एक समान हुनुहुन्छ। उहाँले यूहन्ना १४:१२ मा भन्नुभयो, "विश्वास गर्नेले," देखावटी विश्वास गर्नेले होइन। "म माथि विश्वास गर्नेले, मैले गरेका कामहरु त्यसले पनि गर्नेछ।" के त्यो सहि हो?

169 कसैले भन्यो, "तिमीहरुले अझै महान काम गर्नेछौ।" त्यो सहि हो। भन्यो, "ठिक छ, हामीले सुसमाचार प्रचार गर्छौ, त्यो महान हो।"

170 केवल उहाँले गर्नुभएको काम गर्नुहोस्, त्यसले मलाई प्रमाणित गर्नेछ, हेर्नुहोस्, त्यसपछि हामी महानको बारेमा बोल्नेछौ। म तपाईलाई उहाँ पृथ्वीमा हुनुहुदा गर्नुभएको काम भन्दा उहाँले अहिले गरिरहनुभएको महान काम देखाउन सक्छु, र त्यो केवल सुसमाचार प्रचार गर्ने मात्रै होइन, न त; त्यो चिन्ह र आश्चर्य कामहरुमा हो। यसको लागि समय होइन। मात्र विश्वास गर्नुहोस्। र हुनसकोस् स्वर्गको परमेश्वर, जसले येशू ख्रीष्टलाई मृत्युबाट जीवित उठाउनुभयो, र उहाँलाई यहाँ जीवित प्रस्तुत गर्नुभएको छ, हामीलाई, दुई हजार वर्ष पछि, यो सन्देश पहिचान गर्नुभएको छ, कि यो सहि छ भनि। टोकन लागू गरिन पर्छ।

171 अब, तपाई जसलाई रोग लागेको छ र समस्या छ, प्रार्थना गर्नुहोस्, केवल इमानदारीता पूर्वक भन्नुहोस्, “प्रभु, म विश्वास गर्छु कि तपाई एक प्रधान पूजाहारी हुनुहुन्छ जसलाई हाम्रो दुर्बलताको भावनाले छुन सक्छ।’ र हामीलाई यहाँ यो सेवकद्वारा भनिएको छ, कि तपाई हामीसँग, उपस्थित हुनुहुन्छ, त्यसो हो भने तपाई हामीसँग उपस्थित भएको र आफैलाई हामीमा पहिचान गराउनुभएको म चाहन्छु।” अब प्रार्थना गर्नुहोस्, तपाईहरु हरेकले।

172 अब यो परमेश्वरमा भर पर्छ कि केहि भन्नको लागि। कस्तो समय! ओ, मेरो! म चाहन्छु कि तपाईले केहि कुरा जान्नुभएको होस्, जब त्यो आउछ तपाईलाई कस्तो महसूस हुन्छ, सबै संसार तपाईको हो। आमेन। कुनै दुष्टले केहि गर्नेवाला छैन, त्यो एउटा हारेको प्राणी हो। मेरो प्रभु उपस्थित हुनुहुन्छ। यो सबै हाम्रो हातहरुमा छ। आमेन।

कृपया वास्तवमै शान्त रहनुहोस्। न हिड्नुहोस्। स्थिर बस्नुहोस्।

173 तपाई व्हील चेयरमा हुनुहुन्छ, र अन्य कुराहरु, तपाई असहाय हुनुहुन्छ भनि नसोच्नुहोस्। विश्वास गर्नुहोस्। तपाई—तपाई, तपाई प्रार्थनाको पंक्तिबाट भएर जानुभएको छ, र असफल माथि असफल हुनुभयो। यो सेवक थिएन जसले तपाईको निम्ति प्रार्थना गर्यो, र असफल भयो। यो तपाईको विश्वास हो, र तपाईले केहि पनि गर्न जानेछैन भनि सोच्न थाल्नुभएको छ। तपाई विश्वास गर्नुहोस्।

174 यहाँ, यहाँ यो ज्योति छ, यहाँ पछाडि बसिरहनुभएकि सानी अश्वेत महिलाको माथि, उहाँको हातलाई *यसरी* माथि उचालेर उभिरहनुभएको छ। हो। तपाई प्रार्थना गर्दै हुनुहुन्थ्यो। हो। म उहाँको अगमवक्ता, वा उहाँको दास हुँ भनि तपाई विश्वास गर्नुहुन्छ? मैले त्यो भन्नुहुदैन, किनकि यसले मानिसहरुलाई यति धेरै ठेस पुर्याउछ। तपाईसँग राम्रो...

175 यहाँ एकजना गोरो पुरुष, अश्वेत महिला हुनुहुन्छ, ठिक हाम्रो प्रभु र इनारमा भएको महिला जस्तै, दुई भिन्न जातिहरु। उहाँले तिनीहरुलाई यो थाहा दिनुभयो कि त्यहाँ जातिहरु कुनै भिन्नता छैन। यससँग हाम्रो रङ्गको कुनै सम्बन्ध छैन। हामी सबै...हामी एकअर्कालाई रगत चढाउन सक्छौ। परमेश्वरले, एउटा रगतले, सबै राष्ट्रहरु बनाउनुभयो।

176 तपाईलाई टाउको दुखाईरहेको छ, असाध्यै टाउको दुखेको छ। त्यसपछि तपाईको हृदयमा एउटा बोझ छ, त्यो त्यो बच्चाको लागि हो।

र तपाई...यो उत्पीडित छ। [बहिनीले भन्नुहुन्छ, "आमेन।"—सम्पा।] वास्तवमै त्यस्तै हो। के त्यो सत्य हो? ["आमेन।"] त्यो सहि हो।

177 यो महिला तपाईबाट त्यहाँ बसिरहनुभएको छ, उहाँ तपाईसँग परिचित हुनुहुन्छ, जो तपाईको आमा हुनुहुन्छ। [बहिनीले भन्छिन्, "आमेन।"—सम्पा।] त्यो सहि हो। ["परमेश्वरको प्रशंसा होस्!"] र उनीसँग केहि कुरा खराबी छ।

178 के तपाई मलाई विश्वास गर्नुहुन्छ, महिला? [आमाले भन्नुहुन्छ, "आमेन।"—सम्पा।] तपाई गर्नुहुन्छ? तपाईको समस्या छेउमा देख्ने हो। त्यो सहि हो। यो तपाईको दाहिने पट्टि हो जहाँ दुख्छ। के त्यो सहि हो? तपाईको हात उचाल्नुहोस्, यदि त्यो सत्य हो भने। यसले तपाईलाई अब दुख दिनेछैन। तपाई विश्वास गर्नुहुन्छ यदि परमेश्वरले मलाई तपाई को हुनुहुन्छ भनि भन्न सक्नुहुन्छ भने? श्रीमती लोवेल। ["आमेन।"] सहि हो। ["आमेन।"] ठिक छ, आफ्नो बाटो जानुहोस्, प्रभु येशूले तपाईको अनुरोध दिनुहुन्छ।

179 ठिक बाहिर अन्त्यमा त्यहाँ अर्को सानी अश्वेत महिला बसिरहनुभएको छ, हेर्दै, कि त्यसले केवल—केवल उनलाई टुक्रा टुक्रामा च्यात्न मन पराउछ। उनले ठिक मलाई हेरिरहेकी छिन्। उनले यो विश्वास गर्छिन्। त्यो, के तपाईले ठिक उनीपट्टि त्यो कुरा देख्नुहुन्न? उनी मृगौलाको समस्या भोगिरहेकी छिन्। त्यो सहि हो। यो सबै अब समाप्त भएको छ; उहाँले तपाईलाई निको पार्नुभएको छ। आमेन।

180 किन तपाई विश्वास गर्नुहुन्न? "यदि तिमीले विश्वास गर्न सक्छौ भने, सबैकुरा सम्भव छ।" के तपाई त्यो विश्वास गर्नुहुन्छ? [मण्डलीले भन्छ, "आमेन।"—सम्पा।] यहाँ छ...रंगका मानिसहरुलाई हेर्नुहोस्! तपाईको विश्वास कहाँ छ, गोरा मानिसहरु?

181 ठिक यहाँ एकजना अश्वेत महिला बसिरहनुभएको छ, ठिक मलाई हेर्दै हुनुहुन्छ, एक प्रकारले ठूलो महिला हुनुहुन्छ। उनको घुँडामा समस्या छ। उनलाई एउटा समस्या छ, उनलाई मुटुको समस्या छ। हो। र उहाँलाई कमजोरी, घबरहट र त्यस्ता खालका समस्या छ, विशेष गरि तपाई पल्टिनलागेको बेलामा हुन्छ, दम घुट्न थाल्छ। बुझ्नुभयो? त्यो गत राति भयो। याद गर्नुहोस्, म तपाईको दिमाग पढिरहेको छैन, तर तपाईले के को लागि प्रार्थना गर्नुभएको थियो मलाई छ। तपाई आज, यस विषयमा

बोलाएको चाहनुहुन्छ, र उहाँले तपाईको लागि उत्तर दिनुभएको छ। अब तपाई उठ्न पनि सक्नुहुन्न, किनभने तपाईलाई गठिया छ। त्यो सहि हो। र त्यसपछि, अर्को कुरा, तपाईलाई पेटको समस्या छ, जुन पेट भित्र बढेको छ। त्यो सत्य हो। के तपाई म उहाँको अगमवक्ता हुँ भनि विश्वास गर्नुहुन्छ? म यो भन्छु, जसरी पनि। विश्वास गर्नुहोस्, अनि तपाई निको पारिनुहुनेछ।

182 *तपाईको* पेटको समस्याको बारेमा के छ? के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले तपाईको पेटको समस्या, पनि, त्यहाँ बसेर निको पार्नुहुनेछ? के तपाई यो विश्वास गर्नुहुन्छ? ठिक छ, त्यसोभए तपाईको पेटको चंगाई तपाईले पाउन सक्नुहुन्छ। आमेन।

183 तपाई धुम्रपान छोड्न चाहनुहुन्छ, त्यहाँ, महिला? तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले तपाईलाई धुम्रपान छोड्ने बनाउनुहुनेछ? लामो समय देखि कोशिष गर्दै हुनुहुन्छ। तपाईले पनि, पेटको समस्या छ; धुम्रपान छोड्ने कोशिष गरिरहनुभएको छ। त्यसैले नै तपाईको पेटको समस्या बनाईराखेको छ। के तपाईले तिनीहरुलाई त्याग्नुहुनेछ? म तपाईबाट तिनीहरुलाई विरोध गर्छु, येशू ख्रीष्टको नाउँमा, उहाँलाई छुने तपाईको विश्वासको कारणले।

म तपाईलाई परमेश्वरमा विश्वास गर्नको निम्ति चुनौती दिन्छु!

184 यहाँ एउटी सानी महिला हुनुहुन्छ जो उनको लागि प्रार्थना गर्दै बसिरहनुभएको छ...एउटा प्रेमी अस्पतालमा, क्यान्सरले, मर्दै हुनुहुन्छ। सहि हो। यो एउटा अंकल हुनुहुन्छ। त्यो सहि हो। तपाई या त...तपाई सेवकको श्रीमती हुनुहुन्छ। तपाई आफ्नो सम्पूर्ण हृदयले विश्वास गर्नुहुन्छ, त्यो मानिस निको हुनुहुनेछ।

185 म तपाईलाई परमेश्वरमा विश्वास गर्नको लागि चुनौती दिन्छु! त्यो के हो? येशू ख्रीष्टको पहिचान। तपाई भन्नुहुन्छ, “ख्रीष्ट के हुनुहुन्छ?”

186 उहाँ वचन हुनुहुन्छ। “आदिमा वचन थियो, वचन परमेश्वरसँग थियो। र वचन देहधारी हुनुभयो र हामी माझ वास गर्नुभयो।” “वचन दुईधारे तरवारभन्दा धारिलो छ, र हृदयको विचार र अभिप्राय जान्दछ।” के तपाईले देख्नुहुन्न कि वचन अन्तिम दिनहरुमा हामी माझ आएको छ? यो पवित्र आत्माले परमेश्वरको वचन लिनुभएको छ र येशू ख्रीष्टलाई पहिचान गर्दैछ, जुन टोकन हो। आमेन। के तपाई विश्वास गर्नुहुन्छ? [मण्डलीले भन्छ, “आमेन।”—सम्पा।]

187 कतिजनाले प्रार्थनाको कार्ड पाउनुभएको छ? *यो* छेउमा भएका सबैजना जसले प्रार्थनाको कार्ड पाउनुभएको छ, *यहाँनिर* यो पंक्तिमा खडा हुनुहोस्। बस खडा हुनुहोस्, सबैजना त्यो तर्फ, केवल त्यो तर्फी यहाँ गलियारमा उभिनुहोस्। होइन, ठिक दाहिने हात पट्टिको गलियारमा, कृपया, ठिक त्यहाँ। द्वारपाल, आफ्नो ठाउँमा आउनुहोस्। त्यसपछि जब तिनीहरु त्यहाँबाट जान्छन्, अरुलाई उभिन दिनुहोस्, तिनीहरु आए पछि, त्यसपछि अर्को तर्फबाट विपरित गर्नुहोस्। अब सबैजना आदरणीय बनौ।

188 पवित्र आत्माले सभालाई लिनुभयो, त्यसैले प्रमाणित गर्नको लागि पर्याप्त भनिएको र गरिएको छ। उहाँ यहाँ हुनुहुन्छ भनि कतिजनाले विश्वास गर्नुहुन्छ? त्यो टोकन हो भनि कतिजनाले विश्वास गर्नुहुन्छ? कतिजनाले यो वचन हो भनि विश्वास गर्नुहुन्छ? [मण्डली आनन्द गर्न थाल्छ—सम्पा।] हेर्नुहोस्, कतिजनालाई थाहा छ कि हिब्रूको पुस्तकले भनेको छ, कि, "परमेश्वरको वचनले हृदयमा भएका विचारहरु पहिचान गर्छ"? कतिजनालाई त्यो थाहा छ? कतिजनालाई थाहा छ कि त्यहि नै कारणले हो येशूले तिनीहरुको हृदयका विचारहरु जान्न सक्नुहुन्थ्यो, किनभने उहाँ वचन हुनुहुन्थ्यो? कतिजनाले त्यो विश्वास गर्नुहुन्छ? कतिजनाले विश्वास गर्नुहुन्छ कि अगमवक्ताहरुमा नि त्यहि नै थियो भनि? तिनीहरु ती थिए जसमा वचन आउथ्यो। अब यदि वचन हामीमा फर्किन्छ भने, के यसले उही नै गर्दैन र? त्यसोभए कसरी वचन जसले वचनलाई पहिचान गर्छ, त्यो वचनबाट गलत हुनसक्छ? ओ, दया! सुशील!

189 हे, यो महिला जो यहाँ बसिरहनुभएको छ, उनको पनि, मुटुमा केहि छ। म बस फर्किन पुगे र यसलाई पक्रे। के तपाई श्रीमती ग्रान्ट होइन र? मलाई त्यो कहिल्यै पनि थाहा थिए। तर तपाई श्रीमती ग्रान्ट हुनुहुन्छ, किनभने म तपाईलाई यो सँग देख्छु। तपाईमा घबराहट छ जसले तपाईलाई सताईरहेको छ। तपाईले पाउनुभयो, तपाईको छोरासँग केहि अर्को कुरा छ...उसको रगत, जस्तै, टपकिरहेको छ। म तपाईलाई यो विश्वास गर्नको लागि चुनौती दिन्छु! आमेन। उहाँ परिस्थितिको मालिक हुनुहुन्छ। उहाँ मृत्युको मालिक हुनुहुन्छ।

आउनुहोस् प्रार्थना गरौ।

190 प्रभु येशू, जबकि तपाईको उपस्थितिले हामीलाई अभिषेक गरेको छ, यहाँ यस भवनमा, र हामी सचेत छौ कि यो पवित्र आत्मा हो, म

प्रार्थना गर्दछु, प्रभु, कि तपाईले हरेक व्यक्तिलाई निको पार्नुहुनेछ जसले यी रूमालहरु लगाउछन्।

191 एकपटक, हामीलाई बाईबलमा सिकाईएको छ, कि तपाईका मानिसहरु, ठिक आफ्नो कर्तव्यको पंक्तिमा, तिनीहरुले लाल समुन्द्र तर्दै थिए, र समुन्द्र तिनीहरुको बीचमा आयो, प्रतिज्ञाको देशमा जाने क्रममा। परमेश्वरले त्यो आगो खामोबाट भएर तल हेर्नुभयो, क्रोधिलो आँखाले, र समुन्द्र डरायो, पछाडि हट्यो, र इस्राएल प्रतिज्ञाको देशमा गयो, तिनीहरुको कर्तव्यको पंक्तिमा।

192 ओ प्रभु परमेश्वर, तपाईको आँखाले येशू ख्रीष्ट रगतद्वारा भएर हेर्नुहोस्, तल यो टोकनमा यहाँ जुन हामीले यी रूमालहरुमा आज समातिरहेका छौं। र यो लगाउने हरेकले, यो रोग डराएको होस्, यो फर्केर जाओस् र तपाईको मानिसलाई असल स्वास्थ्यको प्रतिज्ञासम्म तर्न दिनुहोस्। "विश्वासको प्रार्थनाले बिरामीलाई बचाउनेछ।" येशू ख्रीष्टको नाउँमा, यो त्यस्तै होस्। आमेन।

193 कतिजना विश्वासी मेथोडिष्ट प्रचारकहरु यहाँ छन्, ब्याप्टिष्ट प्रचारकहरु, प्रेस्बिटेरियन प्रचारकहरु, ब्याप्टिष्ट प्रचारकहरु, लूथरन, वा पेन्टिकोष्टल? तपाईहरु मध्ये कतिजनाले यो सत्य हो भनि विश्वास गर्नुहुन्छ? यहाँ आउनुहोस् र मेरो छेउमा उभिनुहोस् जब हामी बिरामीहरुको निम्ति प्रार्थना गर्नेछौं। यहाँ माथि आउनुहोस्, विश्वास गर्नुहुने सबै प्रचारकहरु।

194 यो सबै ठिक छ, होइन र? भाई ग्रान्ट, त्यो सब ठिक छ? [भाई ग्रान्टले भन्नुहुन्छ, "पक्कै पनि।"—सम्पा।] अँ–ह।

195 यहाँ तल आउनुहोस्, भाई। भाई ग्रान्टसंग बिरामीहरुको लागि प्रार्थना गर्ने एउटा सेवकाई छ। एउटा बहादुर मानिस, एक असल मानिस, एउटा मानिस जसको लागि परमेश्वरले सुन्नुहुन्छ र प्रार्थनाको उत्तर दिनुहुन्छ, भाई ग्रान्ट। म आज उहाँलाई अंकमाल गरेर यो भन्नमा खुसी छु, र मेरो भाई। अब उहाँ यहाँ तल मसंग प्रार्थना गर्न जाँदै हुनुहुन्छ।

196 जब तपाई यो रेखाबाट भएर आउनुहुन्छ, त्यसरी जसरी तपाई क्रूसको मुनि आउदै हुनुहुन्थ्यो। दाजुभाईहरु, ठिक यहाँ दोहोरो पंक्ति बनाउनुहोस्, ठिक यहाँ। एउटा दोहोरो पंक्ति बनाउनुहोस्; केहि यहाँ, केहि त्यहाँ तल,

197 भाई रोय बोर्डर्स, तपाई कहाँ हुनुहुन्छ? भाई रोय बोर्डर्स, मलाई लाग्छ उहाँ यहाँ हुनुहुन्छ। [कसैले भन्छ, "उहाँ ठिक फर्केर आउनुहुनेछ।"—सम्पा।]

198 यहाँ हेर्नुहोस्, सेवकहरुमा, के तपाई हेर्नुहुनेछ! त्यहाँ हेर्नुहोस्। त्यसले मलाई राम्रो महसूस गराउछ, दाजुभाईहरु। क्रूसका सेवकहरु, मानिस जो यहाँ उभिरहेको छ आफैलाई संदेशसंग पहिचान गराउनको लागि। के हुनसक्छ?

199 अब, हेर्नुहोस्, यसलाई अहिले सेवकहरुमा नराख्नुहोस्। तिनीहरुले आफ्नो पहिचान गर्न आएका छन्। जब तपाई यहाँबाट भएर जानुहुन्छ, पहिचान–...आफ्नो अगाडि टोकन समाउनुहोस्, "प्रभु येशू, मैले मेरा पापहरु स्वीकारेको छु। बदलामा, तपाईले मलाई पवित्र आत्माको बप्तिष्मा दिनुभएको छ। म खरिद गरिएको उत्पादन हुँ। पाप, रोग वा केहि कुराले पनि मलाई अब उप्रान्त मलाई रोक्न सक्दैन। म ठिक हिडिरहेको छु।" त्यसलाई पक्रिराख्नुहोस्, ओ, तपाईको अगाडि, र यहाँबाट भएर जानुहोस्, र परमेश्वरले तपाईलाई निको पार्नुहुनेछ र तपाई यहाँबाट बाहिर आनन्द मनाउदै जानुहुनेछ, खुसी, र निको हुनुहोस्। के तपाई यो विश्वास गर्नुहुन्छ? [मण्डलीले भन्छ, "आमेन।"—सम्पा।]

200 अब यहाँका हरेक व्यक्ति, हाम्रो शिरहरु झुकाऔ, दाजुभाईहरु, संगै हुदा। के हुन जानेछ हामी जान्दैनौ। हामीले बस थाहा छैन। आज दिउसो कुनै पनि बिरामी व्यक्तिले यो भवन छोड्नुपर्ने कुनै कारण छैन। त्यो टोकन आफ्नो हृदयमा राख्नुहोस्, ठिक यो प्रार्थनाको पंक्तिबाट लानुहोस्, जहाँ सेवकहरु, जसले आफ्नो जीवन—सेवामा समर्पित गरेका छन्, यहाँ खडा हुन जाँदैहुनुहुन्छ, तपाईहरु यहाँबाट भएर जाँदै गर्दा आफ्ना हातहरु राख्नेछन्।

तपाई भन्नुहुन्छ, "तपाईले किन त्यसो गर्नुभयो, भाई ब्रन्हाम?"

201 तपाईहरु, सबैजनाले, यो थाहा भएको म चाहन्छु कि...म चंगाईदाता होइन। यी मानिसहरुसँग उत्तिकै बिरामीको निम्ति प्रार्थना गर्ने हक छ जत्ति अरुको छ। साच्चै नै, म विश्वास गर्छु कि उहाँले मेरो भन्दा अगाडि परमेश्वरले उहाँहरुको प्रार्थनाको उत्तर दिनुहुनेछ। म थाकेको र थकित छु, र सबैकुरा। म—म विश्वास गर्छु कि उहाँले तिनीहरुको प्रार्थनाको उत्तर दिनुहुनेछ। र यहाँ तिनीहरु ठिक यसको बिचमा खडा हुन्छन्, आफैलाई पहिचान गर्नको

लागि, तिनीहरुको स्थान लिन लाज मान्दैनन्। म त्यस्तो मानिसको कदर गर्छु।

202 अब, दाजुभाईहरु, म तपाईको भावना जान्दछु। म, म तपाईसँग एक छु। म नै हुँ जसले तपाईसंग मेरो जाल बुनेको छु, यहाँ टेक्सासमा, परमेश्वरले जीवनको निम्ति नियुक्त गर्नुभएको हरेक माछालाई पक्रने कोशिष गर्दछु, त्यहाँ बाहिर। म मेरो उत्तम प्रयास गर्दैछु। म तपाईसंग छु, एक सय प्रतिशत नै। कहिले काहि म संगठन र चिजहरुको बारेमा गाली र हल्ला गर्छु। त्यसको अर्थ यो होइन कि म तपाईको विरुद्धमा छु, मेरो भाई। मेरो मतलव प्रणालीको विरोधमा छु जसले हामीलाई दाजुभाई हुनबाट अलग्याउछ, केहि धार्मिक सिद्धान्तको कारणले। हामी पवित्र आत्माको बप्तिष्माद्वारा दाजुभाईहरु हौ। हामीले एउटै टोकन समाउछौ। हामीले एउटै रगत पाएका छौ, त्यसैले त्यो विश्वास गरौ। हामी त्यहाँ भेट्न सक्छौ (सक्दैनौ?), दाजुभाईहरु, हामी सबैजना रगत मुनि छौ।

203 अब, म एउटा ब्याप्टिष्टको रूपमा नियुक्त भएको थिए। हुनसक्छ तपाई मेथोडिष्ट, या लूथरन, या प्रिबिस्टेरियन, पेन्टिकोष्टल, एकता, दुईवाद, तीनवाद, वा जे के पनि तपाईसंग छ, चर्च अफ गड, यो जे केहि पनि होस्। त्यसले केहि भिन्नता बनाउदैन। हामी ती साना कुराहरुमा सहमत हुनसक्दैनौ, त्यसो भए त्यसको बारेमा भुलि दिऔ।

204 केहि कुरा जसमा हामी सहमत हुन सक्छौ, कि येशू ख्रीष्ट हाम्रो मुक्तिदाता हाम्तो पापको निम्ति मर्नुभयो, फेरी बौरी उठ्नुभयो र हामीलाई टोकन दिनुभयो। हामीहरु यहाँ हाम्रा प्रार्थना सहित उभिरहेका छौ, यी बिरामी भाई र बहिनीहरुलाई समाउनको निम्ति जो यस पंक्तिबाट भएर जानुहुन्छ। म यो मेरो सम्पूर्ण हृदयले विश्वास गर्न जाँदैछु।

205 मैले ठिक त्यसपछि केहि भएको देखे। आमेन। मलाई थाहा छ तपाई सोच्नुहुन्छ कि म पागल छु, तर म असल पागल महसूस गर्दैछु। म बस आशा गर्छु कि म यो एउटा बाटोमा बस्न सक्छु। हो, श्रीमान। म यहि तरिकामा असल महसूस गर्छु।

आउनुहोस् प्रार्थना गरौ।

206 प्रभु येशू, म यस मंचबाट हिड्दैछु, तल यहाँ, यी दाजुभाईहरुसँग मेरो पहिचान गराउनको लागि। म आफैलाई उनीहरुसंग पहिचान गराउदैछु, जसै हामी सबैले आफ्नो टोकनहरु आफ्नो हात, र हाम्रो हृदयहरुमा

समाईरहेका छौ। जसै हामीले तपाईको आज्ञा पालन गर्छौं, “बिमारीहरु माथि हात राख्न, र तिनीहरु निको हुनेछन्।” यहाँबाट भएर जाने हरेक व्यक्ति, तिनीहरुले आफ्नो टोकन प्रस्तुत गरेका होऊन्, कि तिनीहरुले पवित्र आत्मा पाएका छन्, कि तिनीहरु परमेश्वरको एउटा नयाँ–जन्म भएको छोराछोरी हुन्, जुन तिनीहरुले आफ्ना सम्पूर्ण हृदयले विश्वास गरून्। र जसै तिनीहरु त्यसबाट भएर जादैछन्, तिनीहरुले त्यो रोग र तिनीहरुको शरीरको कष्टलाई श्राप दिएका होऊन्। र हुनसकोस् कि तिनीहरु यहाँबाट आनन्द गर्दै जान सकून्, यो जानेर कि तिनीहरुको विश्वासले तिनीहरुलाई निको पारेको छ।

207 र, प्रभु परमेश्वर, जस्तो हामीले राखेका छौ, पुरानो नियम, हाम्रा हातहरु बलिदानमा, बलिदानसंग हामी आफैलाई पहिचान गराउन, हामी हाम्रा हातहरु येशूमा राख्दछौ र आफैलाई उहाँसँग पहिचान गराउदछौ। उहाँले सेवाकाईभित्र आफ्नो हात हामीमा अहिले राख्नुभएको छ, आफैलाई हामीमा पहिचान गराउदै, चिन्ह र आश्चर्यका कामहरु द्वारा। र हामीहरु बिरामीहरुमा हाम्रा हातहरु राखिरहेका छौ, तिनीहरुमा हामी आफैलाई पहिचान गराउदै, तिनीहरुसँग जोडिएको हाम्रो विश्वासको साथ। बिमारी जानुपर्दछ, र यसले यो येशू ख्रीष्टको नाउँमा गर्न सकेको होस्, जसै हामी यहाँ यसलाई लिनको निम्ति तल हिड्दछौ।

सबै मण्डलीलाई प्रार्थना गर्न दिनुहोस्।

208 रोय वा कोहि यहाँ आउनुहोस् र यो माईक्रोफोनको अगाडि उभिनुहोस्, र रेखाहरु सिधा राख्नुहोस्।

209 हेर्नुहोस्, तपाई अहिले यहाँबाट जाँदै गर्दा, विश्वास गर्दै आउनुहोस्, प्रार्थना गर्दै आउनुहोस्। हामीहरु केवल विश्वासीहरुमा हातहरु राख्न जाँदैछौ। ठिक त्यसरी आउनुहोस्। प्रार्थना गर्नुहोस्। जब तपाई यो सेवकहरुको रेखाबाट भएर जानुहुन्छ, यदि तपाई बैसाखीमा हिड्दै हुनुहुन्छ, त्यसलाई तल राख्नुहोस् टाढा जानुहोस्। यदि तपाईलाई क्यान्सर, बिमार छ भने, भन्नुहोस्, “चिकित्सकले गर्न सक्ने सबै गर्नुभयो, उसले गर्न सक्ने उसले सबै गरिसक्यो, र उसले म मर्नेछु भनेको छ। म मर्नेछैन। यहाँ मेरो टोकन छ, प्रभु। तपाईले सत्तरी वर्ष प्रतिज्ञा गर्नुभएको छ। म ठिक यहाँबाट भएर जाँदैछु, यो गर्दै।” हेर्नुहोस्, त्यो गर्नुहोस्। के तपाईले यो गर्नुहुनेछ? [मण्डलीले भन्छ, “आमेन।”—सम्पा।] येशूको नाउमा, यो

त्यस्तै होस्। आमेन।

210 ठिक छ, पंक्तिमा जान दिनुहोस्। [भाई ब्रन्हाम र सेवकहरुले बिरामीहरुको निम्ति प्रार्थना गर्नुहुन्छ, जसरी एउटा भाईले *मात्र विश्वास* र अन्य गीतहरु गाउनमा मण्डलीको अगुवाई गर्छ। टेपमा रिक्त स्थान—सम्पा।]

म विश्वास गर्छु!
मेरा सबै संकाहरु मुहानमा दफन भएका छन्।

211 के तपाई यो विश्वास गर्नुहुन्छ? [मण्डलीले भन्छ, "आमेन।"—सम्पा।] आमेन। ओ, के उहाँ अद्भूत हुनुहुन्न? ["आमेन।"] कोहि ती पलंग र स्ट्रेचरहरुमा थिए, सिधै उठे र हिडेर गए; मात्र तिनीहरुलाई त्यहाँ छोडे, र हिडेर टाढा गए। ओ, यो सबैजना अब निको हुनसक्छन्, जसले यो विश्वास गर्नेछ। के तपाई विश्वास गर्नुहुन्छ? ["आमेन।"]

212 आउनुहोस् हामीलाई धुन दिनुहोस्, *म उहाँलाई प्रेम गर्छु*, तपाई गर्नुहुन्छ, बहिनी; पुरानो गीत, "म उहाँलाई प्रेम गर्छु, म उहाँलाई प्रेम गर्छु किनभने..."? आउनुहोस् हामी सबैले आफ्नो आवाजहरु, र हाम्रा हातहरु, हाम्रा हृदयहरु उठाऔ, परमेश्वरमा, र गाऔ, "म उहाँलाई प्रेम गर्छु, म उहाँलाई प्रेम गर्छु, किनभने उहाँले मलाई पहिले प्रेम गर्नुभयो।" सबैजना अब।

म उहाँलाई प्रेम गर्छु, म उहाँलाई प्रेम गर्छु
किनभने उहाँले मलाई पहिले प्रेम गर्नुभयो
र मेरो मुक्ति किन्नुभयो
कलवरीको–...

213 एउटा महिला, व्हील चेयरबाट माथि उठ्दै, दुईजना मानिसको सहारा लिएर यहाँनिर हिड्दै हुनुहुन्छ। "म..." परमेश्वरमा हात हल्लाऔ, "म उहाँलाई प्रेम गर्छु!"

म उहाँलाई प्रेम गर्छु
किनभने उहाँले मलाई पहिले प्रेम गर्नुभयो
र मेरो मुक्ति किन्योर मेरो मुक्ति किन्नुभयो
कलवरीको...

अब मात्रै उहाँको प्रशंसा गरौ, सबैजना!

214 परमेश्वरको महिमा होस्! हामी कसरी धन्यवाद दिन्छौ, प्रभु येशू, तपाईको भलाईको लागि, तपाईको उपस्थितिको लागि। ओ, हामी टोकनको लागि तपाईलाई धन्यवाद दिन्छौ, प्रभु। हामीहरु बचाईका छौ र पवित्र आत्माले भरिएका छौ, पवित्र आत्माले हाम्रो शरीरलाई बढाउदै हुनुहुन्छ। हामी यसको लागि तपाईलाई कसरी धन्यवाद दिन्छौ, पिता! ओ, येशूको नाउँमा हामी तपाईलाई धन्यवाद दिन्छौ। आमेन। आमेन।

215 सबैजना हात मिलाऔ, भन्नुहोस्, “प्रभुको प्रशंसा होस्!” एक अर्काको हात मिलाउनुहोस्, भन्नुहोस्, “परमप्रभुको प्रशंसा होस्! परमप्रभुको प्रशंसा होस्!” (...?...) ठिक छ, अब, सबै फेरी संगै:

म उहाँलाई प्रेम गर्छु,

हातहरु माथि, हृदय माथि।

म...

केवल तपाईको हृदयबाट व्यक्त गर्नुहोस्।

किनभने उहाँले मलाई पहिले प्रेम गर्नुभयो (के तपाई बन्द गर्न जाँदै हुनुहुन्छ?)
र मेरो मुक्ति किन्नुभयो
कलवरीको रूखमा।

216 अब हाम्रो शिर साच्चै नै श्रद्धापूर्वक झुकाऔ, जसै म अब सेवालाई भाई ग्रान्टको समापनको लागि दिन जाँदैछु; तपाईहरु हरेकलाई धन्यवाद दिदै। पहिलो, प्रभुलाई उहाँको भलाईको निम्ति धन्यवाद दिदै, उहाँको दयाको लागि, र हामीले तपाईको हृदयमा छोडेका छौ भनि आशा गरेको निश्चितताको लागि धन्यवाद दिदछु, कि हामी यहाँ एक्लै छैनौ। हाम्रो महान प्रमूख कप्तान हाम्रो माझमा हुनुहुन्छ। राजाको गर्जन छाउनीमा भएको छ। र हामी प्रभुलाई धन्यवाद दिन्छौ, उहाँको महान शक्ति र उहाँको महान दया हेर्नको लागि। र अब हामी हाम्रो शिर श्रद्धापूर्वक झुकाऔ। भाई ग्रान्ट।

64-0308 टोकन

सोल्स हार्बर टेम्पल

डल्लास, टेक्सास यु.एस.ए

NEPALI

©2024 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## प्रतिलिपि अधिकार सूचना

सर्वाधिकार सुरक्षित। यस पुस्तक येशू ख्रीष्टको सुसमाचार फैलाउने एउटा उपकरणको रूपमा, घरेलु प्रिन्टरमा निशुल्क, व्यक्तिगत उपयोग वा बाढ्नको निम्ति प्रिन्ट गर्न सकिन्छ। भोईस अफ गड रेकर्डिङ्गको® स्पष्ट लिखित अनुमति बिना यस पुस्तकलाई बिक्री गर्न, ठूलो स्तरमा पुनः उत्पादन गर्न, वेबसाईटमा प्रेषित गर्न, पुनर्प्राप्ती प्रणालीमा संग्रहित गर्न, अन्य भाषाहरुमा अनुवाद गर्न, वा पूँजी प्राप्त गर्नको निम्ति उपायोग गर्न सकिदैन।

थप जानकारीको लागि वा अन्य उपलब्ध रहेको सामग्रीको लागि, कृपया सम्पर्क गर्नुहोस्:

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org